पर्यटकीय क्षेत्र सोलुखुम्बुको विकासमा... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २६ • अंक २२० • २०८१ साल पुस २१ गते आइतबार (5 January, Sunday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## कांग्रेस एक्लै चुनाव लड्ने

# संविधान संशोधन सबैको सहमतिमा, गठबन्धन टिक्छ :उपप्रम सिंह

**टुडे समाचारदाता**

बर्दिबास । संघीय गठबन्धन सरकारले जनअपेक्षा अनुसार काम गर्न असफल भएको बताउँदै एमाले र नेपाली कांग्रेसका नेताहरुले चर्को आलोचना गरिरहेको बेला नेपाली कांग्रेसका नेता समेत रहेका उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले अब बीचमै सरकार ढाल्ने र बन्ने खेल नहुने आशा जनतामा जागेको दाबी गरेका छन् ।

'यो सरकार प्रतिनिधिसभाको अर्को निर्वाचनसम्म रहनेछ' पार्टी कार्यकर्तासँगको भेटमा शनिबार बर्दिवासमा उनले भने, वर्तमान सरकार बने यता आमजनमानसमा अब बीचमा सरकार ढाल्ने र बन्ने खेल नहुने आशा जागेको छ ।'

स्थिर सरकारले नै मुलुकलाई विकास निर्माणको मार्गमा अग्रसर हुन योगदान गर्ने उपप्रधानमन्त्री सिंहले बताए । 'सरकार ढाल्ने र बनाउने खेल लामो समय चलिरहँदा देशको समग्र विकासमा बाधा पुगेको छ' उनले भने, कांग्रेस र एमाले गठबन्धनको सरकार आलोपालो सहमति अनुसार पूरा समय चल्नेछ।

तर नेपाली कांग्रेसले आगामी चुनाव एक्लै लडने उनले बताएका छन् । उनले त्यसका लागि संगठन निर्माणमा लाग्न कार्यकर्ताहरुलाई आग्रह गरे । हालै सम्पन्न स्थानीय तहको उपनिर्वाचनमा यसको अभ्यास भइसकेको उनले प्रष्ट्याए ।



'आगामी निर्वाचन एक्लै लड्ने भनेर कांग्रेस महासमिति बैठकले निर्णय गरेर केन्द्रीय समितिले अनुमोदन गरिसकेको छ, सिंहले भने, 'पार्टीको मुख्य शक्ति संगठन हो । त्यसैले हामी सबै संगठन सुदृढीकरण गर्न लाग्नुपर्छ ।'

सरकारको नेतृत्व गरिरहेको एमालेले पनि आलोपालो सहमति अनुसार नै सरकारले कार्यकाल पूरा गर्ने बताए पनि चुनाव एक्लै लड्ने बताउने गरेको छ । कांग्रेस र एमाले गठबन्धनमा विवाद नदेखिए पनि विश्वासको संकट हटिसकेको छैन् ।

सरकारले गतिलिन नसकेको आरोप सरकार बाहिर रहेका दुबै पार्टीका नेताहरुले लगाउने गरेका छन् । तर मन्त्रीहरुले सरकार जनतालाई अनुभूति हुने कामहरु गरिरहेको दाबी गरिरहेका छन् । कांग्रेस र एमालेका मन्त्रीहरुले पार्टी कार्यकर्ताहरुलाई सरकारको बचाउ र कामको प्रशंसामा सकृय हुन निर्देशन दिने गरेका छन् । तर त्यो प्रभावकारी हुन सकेको छैन् ।

मन्त्री सिंहले समाजसेवाको सबैभन्दा राम्रो माध्यम राजनीति भएको बताउँदै सेवाभावले सक्रिय हुनुपर्नेमा जोड दिए । कांग्रेस महोत्तरीका नेता, कार्यकर्ताहरुको सहभागिता रहेको सो भेंटघाट कार्यक्रममा मन्त्री सिंहले सरकारको उपलब्धिमाथि बढी जोड दिए ।

उपप्रधानमन्त्री एवम् सहरी विकास मन्त्रीसमेत रहेका सिंहले सहरी विकास मन्त्रालयबाट गर्नुपर्ने काम प्रभावकारी रूपमा अघि बढाइरहेको दाबी गरे ।

सबै पक्षको सहमतिमा संविधान संशोधन हुनुपर्ने धारणा राख्दै उनले भने, वर्तमान सरकार संविधान संशोधन गर्ने सहमतिका साथ गठन भएकाले संसदमा प्रतिनिधित्व गर्ने सबै दलसँग संविधान संशोधनका बारेमा पर्याप्त छलफल र गृहकार्य गरिनेछ ।

सरकारले संविधान संशोधन गर्ने तयारी गरिरहेको बेला तराई मधेश केन्द्रित र पहिचान, अधिकारका लागि आवाज उठाउने दलहरु सशंकित बनेका छन् । संविधान संशोधनका लागि जोडदार आवाज उठाउने दलहरु अहिले थ्रेसहोल्ड बढाउने , समानुपातिक चुनाव प्रणाली हटाउने आशंका व्यक्त गर्दै मोर्चा बन्दी गर्ने अभियान थालेका छन् ।

तर मन्त्री सिंहले संविधान संशोधनमा सबै दलहरुसित सहमति गरिने विश्वास दिलाए । 'सबै दलहरुसितको व्यापक छलफलको आधारमा मात्र संविधान संशोधन गरिनेछ' उनले भने, संविधानमा देखिएका कमजोरीहरुलाई सुधार गर्न संशोधन आवश्यक रहेको छ ।

महोत्तरी जिल्ला सभापति नागेश्वर प्रसाद यादवको अध्यक्षतामा भएको सो कार्यक्रममा वक्ताहरुले सरकारको काम कारबाहीको आलोचना गरे । कार्यकर्ता भेंटघाटको प्रचार व्यापक गरिए पनि अपेक्षा गरिए अनुरुपको सहभागिता नभएको कार्यकर्ताहरुले बताए ।

मन्त्री सिंह सर्लाहीमा भवन उद्घाटन कार्यक्रममा जाने क्रममा बर्दिबासमा आयोजित कार्यकर्ता भेंटघाटमा सहभागी भएका थिए ।

मन्त्री सिंहले सर्लाहीमा पनि सरकार टिक्ने र सहमतिबाट नै संविधान संशोधन गरिने दोहऱ्याए । उनले कार्यक्रममा सरकारको बचाउ गरे ।






गौशाला नगरपालिकाका
प्रमुख प्रशासकीय अधिकृत तथा मेरा आत्मीय मित्र
**सुबोध कुमार ठाकुर**
जनकपुर जेसीजका **उपाध्यक्ष** पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**राजेन्द्र यादव**
प्रमुख कार्यकारी अधिकृत
**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**
**जनकपुरधाम**

मधेश प्रदेशको राजधानी सांस्कृतिक नगरी जनकपुरधाम स्थित होटल

ANJANI SUITE








**विशेषताहरू**
- लक्जरीयर्स रुमहरु
- ठुलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फ्रेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था

**सम्पर्क**
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर, जनकपुरधाम-८, धनुषा

Anjani Suite

# जाडोमा लिनुपर्ने सावधानीहरू

**पानी प्रशस्त पिउने**
शरीरमा पानीको मात्रा प्रशस्त भएमा चिसोले गर्दा रगत बाक्लो हुने जोखिम कम हुन्छ ।

**Warm Up गर्ने**
शारीरिक व्यायाम सुरु गर्नु भन्दा अघि शरीरलाई सक्रिय बनाउने अनि ब्यायाम सूरु गर्ने ।

**हिंडाइको गति कम गर्ने**
चिसोमा मुटुमा जोखिम घटाउन हिडाइको स्पिड कम गरेर, हिडाइको अवधि बढाउनु सुरक्षित उपाय हुन्छ ।

**मदिरा र चुरोट सेवन नगर्ने**
जाडो महिनामा मुटुमा हुने असरलाई मदिरा तथा धुम्रपानले झन् बढाउने हुनाले यसको प्रयोग नगर्नु राम्रो हुन्छ ।

**चिसो हावा र पानी परेको बेलामा बाहिर व्यायाम गर्न निस्किनु हुंदैन ।**

**सुगर, प्रेसर, कोलेस्ट्रोलको राम्रो नियन्त्रण**
जाडो महिनामा प्रेसर सुगर र कोलेस्ट्रोलको स्तर बढ्ने हुनाले यसको जाँच र नियन्त्रण गर्न जरूरी छ ।

**धेरै चिल्लो खानेकुरा नखाने**
जाडोमा कोलेस्ट्रोल बढ्ने हुनाले धेरै चिल्लो, फ्राई, पार्टी, भोजको बेलामा सतर्क हुनुपर्दछ ।

**चिसोमा हिड्दा छाती दुख्नु**
मुटु रोगको प्रमुख लक्षण ब्लनष्लब चिसोमा बढी देखिन्छ र यस्तो छ भने डाक्टरलाई देखाउन जरूरी हुन्छ ।

**औषधिको नियमित प्रयोग**
मुटुरोग, प्रेसर, सुगर, कोलेस्ट्रोल आदिको औषधि नटुटाईकन नियमित खानु पर्छ ।

**व्यायमको बेलामा चिसोबाट सुरक्षा**
यसको लागि पर्याप्त लुगा लगाएर विशेष गरेर टाउको, कान, हात छोपेर हिड्नु पर्छ ।

**लक्ष्मीनियाँ गाउँपालिका**
लक्ष्मीनियाँ बजार, धनुषा, मधेश प्रदेश

## प्राकृतिक विपदः

# १२ अर्ब ८६ करोड ६६ लाख बराबरको बीमा दावी

काठमाण्डु । गत असोजको १० गते पछिको अविरल बर्षापछिको बाढी र पहिरोबाट भएको क्षतिबाट रु १२ अर्ब ८६ करोड ६६ लाख ८८ हजार तीन सय ३१ बराबरको बीमा दावी भएको छ ।नेपाल बीमा प्राधिकरणका अनुसार, कूल तीन हजार छ सय ८६ वटा दावीको आवेदन परेको छ । सोमध्ये हालसम्म एक हजार आठ सय नौ वटा दावीको रु एक अर्ब ७८ करोड ८१ लाख ३८ हजार एक सय ५४ बराबर भुक्तानी भएको छ।

प्राधिकरणका अनुसार सम्पत्ति बीमामा एक हजार सात सय ७४ वटा दावी परेको छ। रु नौ अर्ब २२ करोड २५ लाख ५६ हजार दुई सय २८ बराबरको दावी सम्पत्ति बीमामा परेको छ ।यस्तै, इञ्जियरिङ तथा ठेकेदार जोखिममा तीन सय २४ वटा दावी परेको छ। त्यसमा रु दुई अर्ब ८४ करोड १९ लाख २६ हजार पाँच सय ९२ बराबरको दावी परेको प्राधिकरणले जनाएको छ। मोटर बीमा निजीतर्फ नौ सय ५४ वटा आवेदन परेको छ। त्यसमा रु ४१ करोड ५३ लाख ४४ हजार बराबरको दावी रकम माग गरिएको छ।

मोटर बीमा सार्वजनिकतर्फ तीन सय ९३ वटाको आवेदन परेको छ । त्यसमा रु २८ करोड ९९ लाख १६ हजार बराबरको दावी रकम माग भएको छ। सामुन्द्रिक बीमामा २३ वटा आवेदन परेको छ । त्यसमा रु चार करोड चार लाख ९७ हजार बराबरको रकम माग भएको छ।

पशुपन्छी बीमातर्फ ६० वटा आवेदन पर्दा रु तीन करोड ८२ लाख ५५ हजार दुई सय ६७ बराबरको रकम माग भएको छ । कृषि बाली बीमातर्फ एक सय ३७ वटा आवेदन पर्दा रु एक करोड पाँच लाख ९१ हजार छ सय ९५ बराबरको माग दावी भएको छ । विविधतर्फ २१ वटा आवेदन पर्दा रु ७५ लाख ९९ हजार सात सय ६७ बराबरको माग दावी भएको छ।

प्राधिकरणका अनुसार कोशीमा दुई सय ६७ दावी परेकामा एक सय ५८ वटाको भुक्तानी भएको छ। मधेशमा एक सय आठ वटामा ३७ को मात्रै भुक्तानी भएको छ। बर्षा र बाढी प्रभावित वाग्मती प्रदेशमा तीन हजार दुई सय १३ माग दावी रहेकामा एक हजार पाँच सय ८५ वटाको बभुक्तानी भएको छ।

गण्डकीमा ४७ वटाको माग हुँदा १५ को मात्रै भुक्तानी भएको छ। कर्णालीमा आठ वटा आवेदन पर्दा चार वटाको भुक्तानी भएको छ। त्यस्तै, सुदूरपश्चिममा छ वटा आवेदन पर्दा तीन वटाको भुक्तानी भएको प्राधिकरणले जनाएको छ ।रासस

# समय नपुगी जन्मिएका बच्चाको आँखामा जोखिम उच्च

काठमाण्डु । बत्तिस सातामै जन्मिएका जुम्ल्याहा बच्चामध्ये एक जनामा आँखासम्बन्धी समस्या देखियो । चिकित्सकले ती बच्चाहरुलाई ४५ हप्ता नपुगुञ्जेल 'फलोअप' गरिराखे । समयमै आँखा जाँच गराइएकाले समस्या जटिल हुन पाएन । हाल यी बच्चा तीन वर्षका भइसकेका छन् । यद्यपि आँखासम्बन्धी समस्या निको नभएकाले पावरवाला चश्मा लगाइरहेका छन् ।

त्यसैगरी सात महिनामै जन्मिएका एक बच्चाको पनि आँखामा समस्या देखियो । बच्चा उमेर छ महिना पुग्दै गर्दा आँखामा सेतो चिह्न देखिन थाल्यो। आँखामा जटिल समस्या देखिएपछि उपचारका लागि केही समय अस्पतालको सघन उपचार कक्षमा राखियो। तर आँखाको पर्दा उप्किसकेकाले बच्चा अन्धोपनको शिकार हुनुपर्‍यो।

यी त प्रतिनिधि घटना हुन्। दस महिना नपुगी जन्मने बच्चामा आँखासम्बन्धी समस्या देखिने सम्भावना बढी भएको चिकित्सक बताउँछन् । बाल नेत्ररोग विशेषज्ञ डा सिर्जना अधिकारीका अनुसार ती दुवै बच्चाको आँखामा देखिएको समस्या 'रेटिनोप्याथी अफ प्रिम्याचुरिटी' (आरओपी) हो। यो समस्या समय अगावै जन्मिएका नवजात शिशुहरुको आँखामा देखिन सक्छ । समयमै उपचार नगरिए अन्धोपनको सम्भावना भए पनि समयमै उपचार भयो भने निको पनि हुनसक्छ।

डा अधिकारी भन्नुहुन्छ, "९९ प्रतिशत आरओपीमा दुई वटै आँखामा समस्या गराउँछ। समयमा उपचार पाएन भने बच्चा दृष्टिविहीन हुनसक्छन् ।" यसको समस्या बढ्दै गएमा बच्चाको दृष्टि कमजोर हुने, आँखा घुम्ने, सेतो देखिनेलगायतका लक्षण देखिन सक्दछन् । "अभिभावकले बच्चाले अनुहारमा हेरेको जस्तो लाग्दैन भनेर लिएर आउनुहुन्छ। तीन महिना भइसक्दा बच्चामा केही चिजहरु हेर्ने, पछ्याउने गर्छन् । तर आरओपीको समस्या भएका बच्चामा दृष्टि आउँदैन । पर्दा उप्किएर अगाडि आइसकेपछि सेतो देखिन्छ । अनुहार हेरेर नहाँस्ने, कुनै चिज दिँदा नहेर्ने, बत्तीतिर मात्र हेरेर टोलाउनेजस्ता लक्षण देखिन सक्छन् ।"



सामान्यतया बच्चा पेटमा ४० हप्तासम्म बस्छन्। 'आरओपी' को जोखिम भने समय अगावै जन्मिएका बच्चामा देखिन्छ। समय अगावै जन्मिएका, दुई केजीभन्दा कम तौल भएका बच्चामा यो समस्या देखिने गरेको रेटिना स्पेशलिष्ट डा इली प्रधान बताउनुहुन्छ।

डा प्रधानले एकमहिनाभित्रै पहिचान गरी उपचार गर्न सकिएमा बच्चाको आँखा जोगिन सक्ने बताउनुहुन्छ। "छिट्टै पहिचान भयो भने यसको उपचार सम्भव छ। समय अगावै जन्मिने २० देखि २८ प्रतिशत बच्चामा आरओपीको प्रकोप देखिन्छ", उहाँले भन्नुभयो।

बाल नेत्र रोग विशेषज्ञ डा अधिकारीले सबैभन्दा महत्वपूर्ण विषय स्क्रिनिङ (पहिचान) भएको उल्लेख गर्दै समय अगावै जन्मिने बच्चाको एक महिनाभित्र अनिवार्य स्क्रिनिङ गर्नुपर्ने सुझाव दिनुहुन्छ। उहाँले भन्नुभयो, "समय नपुगी जन्मिएका सबै बच्चाहरु यसको जोखिममा हुँदैनन्। सबैमा जटिल समस्या देखिन्छ भन्ने पनि हुँदैन। करिब सात/आठ प्रतिशतलाई भने उपचार चाहिन्छ। यसको उपचार सम्भव छ तर जतिबेला गरेर हुँदैन। चाहिने समयमा गर्नुपर्छ।"

उक्त समस्याको उपचार सुई, लेजर प्रविधिद्वारा गरिन्छ । तिलगङ्गा आँखा प्रतिष्ठानमा महिनामा २० देखि २५ जनासम्म यसप्रकारको समस्या लिएर आउने गरेको अस्पतालको भनाइ छ। रेटिना स्पेशलिष्ट डा प्रधान भन्नुहुन्छ, "कतिपय बच्चा घरमै पनि जन्मिएका छन् भने पनि स्वास्थ्यकर्मीले एक महिनाभित्र आँखा जाँचका लागि सुझाव दिनुपर्छ । आँखाको जाँच भनेको चश्मा जाँच मात्र होइन नानी फुलाएर हेर्नुपर्छ। समयमा हेरेर उपचार गर्न सकियो भने आँखा बचाउन सकिन्छ।"

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको एक तथ्याङ्कअनुसार नेपालमा मात्रै वार्षिक आठ लाख १० हजार शिशु समयअघि नै जन्मिन्छन् । जसमध्ये चार हजार तीन सय शिशुको पाँच वर्षको उमेर नपुग्दै मृत्यु हुन्छ।

मन्त्रालयका अनुसार ३७ हप्ताभन्दा अघि जन्मिएका शिशुहरु जन्मने क्रममा कम तौल भए वा अक्सिजनको मात्रामा कमी देखिए आरओपीका लागि जोखिम उच्च रहने गरेको पाइएको छ । तर यो समस्याको समयमै पहिचान भए उपचार सम्भव छ। यसै कारणले शिशु जन्मिएको २८ दिनभित्र आँखारोग विशेषज्ञसँग परामर्श गर्न चिकित्सकले सल्लाह दिँदै आउनुभएको छ।

नवजात शिशुरोग विशेषज्ञ डा सुनिल राजा मानन्धरका अनुसार यो समस्यासम्बन्धी पर्याप्त मात्रामा जनचेतना नपुग्दा अभिभावकहरु ढिलो अस्पताल आइपुग्छन् । उहाँ भन्नुहुन्छ, "सबैमा नभए पनि समय नपुगी जन्मिएका अधिकांश बच्चाहरुमा विभिन्न खालका सङ्क्रमण र जोखिम हुन्छ । आँखाको जाँच अनिवार्य हो। हामी कहाँ अस्पताल ढिलो आइपुग्नुहुन्छ । एक महिनाभित्र आँखा जाँच गराए उपचार सम्भव छ।"रासस

# २८ हजार मेगावाटका लागि रु ६५ खर्ब लगानी आवश्यक

काठमाण्डु । सरकारले तय गरेको २८ हजार पाँच सय मेगावाट बिजुली उत्पादनका लागि रु ६५ खर्ब बराबरको लगानी आवश्यक रहेको छ। उक्त परिमाणको लगानी हुँदा रु ४० खर्ब बराबरको लगानी स्वदेशमै रहने छ।

स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल ९इप्पान०का अध्यक्ष गणेश कार्कीले ठूलो मात्रामा लगानी हुँदा त्यसले सकारात्मक पार्ने उल्लेख गर्नुभयो ।लालुपाते हाइड्रोपावर कम्पनीद्वारा प्रवर्द्धित ४९ दशमलव ९५ मेगावाट क्षमताको दानाखोला जलविद्युत आयोजनाको वित्तीय व्यवस्थापनमा हस्ताक्षर समारोहमा बोल्दै अध्यक्ष कार्कीले उक्त कुरा बताउनुभएको हो ।

ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काको उपस्थितीमा वित्तीय व्यवस्थापनसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको हो ।अध्यक्ष कार्कीले १० वर्ष भित्र स्वदेशी उत्पादन सिमेन्ट डन्डी लगायतका हाइड्रोपावर बनाउँदा चाहिने कच्चापदार्थ र रोजगारीमा रु ४० खर्ब खर्च भइ नेपालकै अर्थतन्त्र माथि उठ्ने बताउनुभयो।

पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाको कार्यकालमा चार सय मेगावाट भारत निर्यात सम्झौताबाट सुरु भएको नेपालको अन्तरदेशीय विद्युत व्यापारको श्रृङखला पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को कार्यकालमा १० हजार मेगावाट निर्यात सम्बन्धी दीर्घकालीन सम्झौता भएको उहाँले स्मरण गर्नुभयो । । यस्तै, बंगलादेशमा ४० मेगावाट निर्यात सुरु भएको उल्लेख गर्दै उहाँले केही दिन पहिले मात्रै १५ हजार मेगावाट निर्यात उद्देश्यसहित २८ हजार पाँच सय मेगावाटको मार्गचित्र अघि बढाउँदा नेपालको ऊर्जा क्षेत्रको भविष्य सुन्दर देखाएको कार्कीले बताउनुभयो।




ऊर्जा क्षेत्रको विकासका लागि सबै पक्ष सकारात्मक भएको बेला पनि यस क्षेत्रमा रहेको कठिनाइ हल गर्न कदम नचालिए कहिल्यै पनि यो क्षेत्रको विकास नहुने उहाँको प्रष्टोक्ति थियो। लामो समयदेखि ४१ जलविद्युत आयोजनाको सार्वजनिक निष्कासनको निवेदन धितोपत्र बोर्डमा रोकिएको भन्दै उहाँले 'बैकले पनि पैसा नदिने, इक्विटी ल्याउने सार्वजनिक निष्कासन पनि रोक्ने हो भने आयोजना बन्न नसक्ने' उल्लेख गर्नुभयो।

नेपालमा भएका ४/५ वटा राम्रा जलविद्युत आयोजना मध्ये दानाखोला पनि एक रहेको र यसलाई समयमै सम्पन्न गर्न पनि उनले कम्पनीलाई शुभकामना दिनुभयो। प्रवर्द्धक कम्पनी लालुपाते हाइड्रोपावरका अध्यक्ष मोहनकुमार डाँगीले पानीलाई बत्तीमा रुपान्तरण नगरेसम्म हाइड्रोपावरमा गरेको लगानी शून्य नै हुने भएकोले आयोजना बनाउन असफल हुने छुट नभएको बताउनुभयो ।

सो आयोजनाका लागि रु नौ अर्ब ९६ करोड रुपैयाँलगानी सुनिश्चित भएको छ। रु ७४ करोड स्थानीयमा शेयर जारी गरेर, रु एक अर्ब ७४ करोडसञ्चालकबाट र बाँकी बैंकबाट ऋण लगानी हुने छ। सो आयोजना मनाङको नासो गाउँपालिकामा विकास गरिनेछ ।रासस

# तिलोत्तमा उद्योग वाणिज्य सङ्घ र भलाइ कोषबीच सम्झौता



लुम्बिनी । दुर्घटना न्यूनीकरणका लागि सङ्घसंस्थासँग सहकार्य अभियान सञ्चालन गरिरहेको यातायात मजदुर तथा व्यवसायी भलाइ कोष बुटवलले तिलोत्तमा उद्योग वाणिज्यसँग सम्झौता गरेको छ।

सङ्घमा आबद्ध व्यवसायीका निजी तथा सार्वजनिक सवार ीसाधनहरू भलाइ कोषमा आबद्ध गराउने र दुर्घटना न्यूनीकरण अभियानमा सहकार्य गर्ने उद्देश्यले वाणिज्य सङ्घ र भलाइ कोष बुटवलबीच द्विपक्षीय सम्झौता भएको हो।

सम्झौतामा दुवै संस्थाका अध्यक्षले हस्ताक्षर गर्नुभएको छ। सङ्घले आफ्ना व्यवसायीका सवार ीसाधन कोषमा दर्ता भएर सञ्चालन गर्ने सम्झौता गरेको भलाइ कोषका अध्यक्ष दिनेश फुल्लेलले जानकारी दिनुभयो । सम्झौतामा निजी तथा भाडामा चल्ने सवार ीसाधनका अतिरिक्त सङ्घमा आबद्ध व्यवसायीका मोटरसाइकल तथा स्कुटरहरू समेत कोषमा नियमानुसार शुल्क बुझाइ आबद्ध गराइने उहाँले बताउनुभयो।

कोषमा मासिक शुल्क बुझाउने व्यवसायीलाई रु दुई सय छुट प्रदान गर्नेगरी सम्झौता भएको तिलोत्तमा उद्योग वाणिज्य सङ्घका अध्यक्ष ज्ञानेन्द्र कार्कीले उल्लेख गर्नुभयो । उहाँका अनुसार सवार ीसाधन बाटोमा दुर्घटना भई जीवित क्षति तथा तेस्रो पक्षको निर्जीव क्षतिको सम्पूर्ण लगानी कोषले बेहोर्नेछ । आफ्नो सवारीसाधनको व्यापक बिमा भएको अवस्थामा दुर्घटनाका कारण क्षति भएमा लागेको खर्चमा कोषले ५० प्रतिशत बेहोर्ने सम्झौतामा उल्लेख छ।

त्यस्तै, दुर्घटना भई चालकलाई हिरासतमुक्त गर्दा लाग्ने खर्च पनि भलाइ कोषले बेहोर्नेछ। मोटरसाइकल र स्कुटर दुर्घटना हुँदा दुईजनासम्मको उपचार खर्च रकम रु १५ लाखसम्म कोषले लगानी गर्ने सम्झौता भएको सङ्घका अध्यक्ष जानकारी दिनुभयो।

दुवै पक्षबीच सम्झौता आदानप्रदान कार्यक्रममा कोषका तर्फबाट अध्यक्ष फुल्लेलका साथै उपाध्यक्ष छविलाल थापा, सचिव विजेश न्यौपाने, कोषाध्यक्ष प्रकाशकुमार नेपाल, कार्यालय प्रमुख ठानेश्वर बस्याल, वरिष्ठ लेखा अधिकृत ऋषिराम अर्याल र मणिग्राम शाखा प्रमुख पुरुषोत्तम भण्डारी सहभागी हुनुहुन्थ्यो भने सङ्घका तर्फबाट अध्यक्ष कार्की, पूर्वअध्यक्ष गुणनिधि भण्डारी, वरिष्ठ उपाध्यक्ष सुरज पङ्गेनी, महासचिव राजकुमार पाण्डे, कोषाध्यक्ष टिकाराम भण्डारी, सदस्यहरू नरेशबहादुर क्षेत्री र गङ्गाराम पाण्डेको सहभागिता थियो ।रासस

## 'ढोग दिया' शब्दको दुरूपयोग भएकोप्रति आपत्ति

कञ्चनपुर । 'ढोग दिया' शब्दको दुरूपयोग भएकोप्रति देउडा संस्कृति संरक्षण प्रतिष्ठानले आपत्ति प्रकट गरेको छ।

प्रतिष्ठानका अध्यक्ष ध्रुवबहादुर सिंहले सुदूरपश्चिमको मौलिक संस्कार, भाषा-संस्कृतिलाई होच्याउने खालका गीत सङ्गीतप्रति आपत्ति प्रकट गर्नुभएको हो। प्रेस विज्ञप्ति जारी गर्दै उहाँले भूगोल विशेष क्षेत्र, सम्प्रदाय, जातजाति तथा समुदायसँग जोडिएको मौलिक कला संस्कृति, परम्परालाई अपमानित गर्ने खालका गीत सङ्गीत प्रसारणमा रोक लगाउनका लागि सम्बन्धित निकायसँग माग गर्नुभएको छ।

काली-कर्णालीको मौलिक संस्कार र सभ्यतासँग जोडिएका ओजपूर्ण शब्दहरूलाई शिष्टताको खिल्ली उडाउने र अपहेलित गराउने कार्य तत्काल बन्द हुनुपर्ने उहाँको भनाइ रहेको छ। संस्कृति र परम्परालाई अपमानित गर्ने खालका सामाजिक सञ्जालमा प्रकाशन, प्रसारण हुँदै आएका अपाच्य गीत सङ्गीत तथा विषयवस्तु प्रकाशन प्रसारण गर्ने र तयार गर्नेहरूमाथि उहाँले कारबाहीको माग गर्नुभएको छ। सुदूरपश्चिम प्रदेशमा मान्यजनको आदर गर्दै खुट्टामा दण्डवत् प्रणाम गरी आर्शिवाद लिने कार्यलाई ढोग दिने भनिन्छ ।रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष:कार्यक्षेत्रमा लाभका अवसरहरू प्राप्त हुनेछन्।
वृष : एकाग्रताको साथमा मेहनत गर्नुभयो भने परिणाम अवश्य राम्रो आउनेछ।
मिथुन:तपाईंको कार्य समीतिमा सुधार हुनेछ।
कर्कट:कार्यक्षेत्रमा व्यवधान आउन सक्छ।
सिंह :प्रतिकूल समय अनुकूल बन्दै जानेछ।
कन्या:तपाईंको इच्छाको मान राखिनेछ।
तुला:शुभचिन्तकहरूको सहयोगले रोकिएको कार्य हुनेछ।
वृश्चिक: चुनौतीको सामना गर्दा चोटपटकको सम्भावना समेत रहेको छ। धर्मकर्ममा रुचि बढ्नेछ।
धनु:आफन्तहरुसँग बसेर भविष्यको लागि दीर्घकालीन योजनाहरू बन्नेछन्।
मकर:लामो समयदेखि रोकिएको काम सम्पादन हुनेछ र मान प्रतिष्ठामा वृद्धि हुनेछ।
कुम्भ:मनमा नैतिक र कर्तव्य भाव उत्पन्न हुनेछ।
मीन:आर्थिक दृष्टिकोणले समय सामान्य रहेको छ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्श लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



वीरगञ्जमा बाक्लो हुस्सु र तुवाँलोका कारण जाडो बढेसँगै सडक किनारामा आगो ताप्दै सर्वसाधारण । तस्विरः रासस

# छ महिनामा लहान नगरपालिकाको पुँजीगत खर्च तीन प्रतिशत

सिरहा । चालु आर्थिक वर्ष २०८१/०८२ को झण्डै छ महिना बित्दा लहान नगरपालिकाको पुँजीगत खर्च तीन दशमलव ४५ प्रतिशतमात्रै भएको छ । शुक्रबार नगरपालिकाको १५औँ हिउँदे नगरसभामा नगरप्रमुख महेशप्रसाद चौधरीले १४औँ नगरसभाबाट पारित नीति तथा कार्यक्रमको विस्तृत खर्च समीक्षा गर्दै उक्त विवरण प्रस्तुत गर्नुभएको हो ।





नगरप्रमुख चौधरीका अनुसार १४औँ नगरसभाबाट पारित जम्मा रू एक अर्ब २३ करोड एक लाख ९२ हजार आय र व्ययको अनुमानसहितको वार्षिक बजेटबाट हालसम्म जम्मा रू २८ करोड ५६ लाख ५० हजार खर्च भएको छ ।

यसमध्ये चालु खर्चतर्फ रू २४ करोड २३ लाख तीन हजारअर्थात् १९ दशमलव ७० प्रतिशत रहेको छ । त्यसैगरी पुँजीगतअर्थात् विकास खर्चतर्फ रू चार करोड ३३ लाख ४७ हजारअर्थात् तीन दशमलव ४५ प्रतिशत खर्च भएको हो । यहाँ २४ वटा वडा रहेका छन् । नगरप्रमुख चौधरीले १४औँ नगरसभाबाट पारित नीति तथा कार्यक्रमको विस्तृत खर्च समीक्षा तथा संशोधित आय र व्ययको अनुमानका आधार योजना तथा कार्यक्रम दुई दिन चल्ने बन्द-शत्रमा छलफल गरी पारित गर्ने जानकारी दिनुभयो ।

शुक्रबार उद्घाटन गरिएको १५औँ हिउँदे नगरसभाको उद्घाटन उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले गर्नुभएको थियो । स्थानीय शासन सञ्चालन ऐन, २०७४ मा नगरसभा वर्षमा दुई पटकसम्म गर्न सकिने भनी उल्लेख गरिएको छ ।रासस

# प्रहरीको सक्रियतासँगै रौतहटमा अपराध न्यूनीकरण र शान्ति सुरक्षामा सुधार

काठमाण्डु । जिल्ला प्रहरी कार्यालय रौतहटले चालु आर्थिक वर्षको चार महिनामा अपराध न्यूनीकरण, चोरी निकासी नियन्त्रण, सवारी दुर्घटना न्यूनीकरण र फैसाला कार्यान्वयनमा अघिल्लो आवको सोही अवधिका तुलनामा उल्लेख्य उपलब्धि हासिल गरेको छ ।

चालु आर्थिक वर्षको साउन, भदौ, असोज र कात्तिक महिनामा अघिल्लो वर्षको तुलनामा कर्तव्य ज्यान र जबरजस्ती करणीसम्बन्धी मुद्दा दर्ताको स८्या घटेको तथा भन्सार चोरी निकासीमा संलग्न व्यक्ति र सवारीसाधन नियन्त्रण, स्रोत नखुलेको रकमसहित पक्राउ, फरार प्रतिवादी पक्राउ र प्राकृतिक स्रोतको अवैध दोहनमा संलग्नलाई नियन्त्रणमा लिने स८्या वृद्धि भएको प्रहरी तथ्याङ्क छ ।

अघिल्लो आवको चार महिनामा पाँच वटा कर्तव्य ज्यान र १४ वटा जबरजस्ती करणी मुद्दा दर्ता भएकामा चालु आवको सोही अवधिमा कर्तव्य ज्यानतर्फ पाँच र जबरजस्ती करणीसम्बन्धी नौ वटा मुद्दा दर्ता भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । अवैध लागुऔषध नियन्त्रण अभियान सञ्चालन गरेको रौतहट प्रहरीले यसअवधिमा १३ वटा लागुऔषधसम्बन्धी मुद्दा दर्ता र सोही स८्यामा फछ्र्योट गरिएको छ । अघिल्लो आवको सोही अवधिमा आठ वटा लागुऔषधसम्बन्धी मुद्दा दर्ता र सात वटा फछ्र्योट भएका थिए ।

रौतहटका प्रमुख प्रहरी उपरीक्षक दिलीप घिमिरेले सत्य तथ्य अनुसन्धान गरी कानुनबमोजिम कार्यान्वयन गरेकाले तुलनात्मक रूपमा प्रगति हासिल भएको बताउनुभयो । उहाँले गत चैत २५ गतेदेखि जिल्ला प्रहरी कार्यालय रौतहटको कार्यालय प्रमुखको रूपमा जिम्मेवारी सम्हालेदेखि भन्सार तथा राजस्व छली, चोरी तस्करी नियन्त्रणमा शून्यसहनशीलताको नीति लिई कठोर कदम चालिएकाले सकारात्मक सुधार देखिदै गएको राससलाई जानकारी दिनुभयो । चोरी तस्करीमा संलग्न व्यक्ति, सामान र साधन पक्राउ गरी भन्सार तथा राजस्वमा बुझाउँदै आएको, ठूला तस्करी गर्ने र गराउने व्यक्तिलाई पक्राउ गरी मुद्दा दायर गरिएको उहाँले बताउनुभयो ।





रौतहट प्रहरीले सोही अवधिमा भन्सार चोरी निकासीका सामग्री बरामद गरी रु एक करोड ९५ लाख ३९ हजार पाँच सय दुई राजस्वमा योगदान गरेको छ । ती घटनामा संलग्न एक सय १२ सवारीसधान बरामद र ४४ जनालाई पक्राउ गरी कारबाही अघि बढाइएको प्रमुख घिमिरेको भनाइ छ ।

ट्राफिक कारबाहीबाट साउन महिनामा रु नौ लाख २५ लाख पाँच सय, भदौमा रु आठ लाख ४३ हजार पाँच सय, असोजमा रु छ लाख ६५ हजार पाँच सय र कात्तिकमा रु ११ लाख ४९ हजार गरी कुल रु ३५ लाख ८३ हजार पाँच सय राजस्व सङ्कलन भएको छ ।

> रौतहटका प्रमुख प्रहरी उपरीक्षक दिलीप घिमिरेले सत्य तथ्य अनुसन्धान गरी कानुनबमोजिम कार्यान्वयन गरेकाले तुलनात्मक रूपमा प्रगति हासिल भएको बताउनुभयो ।

ट्राफिकतर्फ राजस्व अघिल्लो सोही अवधिको तुलनामा घटेको छ । यसअघि सो अवधिमा रु ५७ लाख ३५ हजार पाँच सय राजस्व सङ्कलन भएको थियो ।

स्रोत नखुलेको रकमसहित पक्राउको घटनामा चालु आवको चार महिनामा रु १५ लाखसहित तीन जनालाई पक्राउ गरिएको छ । अघिल्लो आवको सोही अवधिमा स्रोत नखुलेको रकमसहित पक्राउका घटना शून्य थिए ।

चार महिनामा १५ वटा चोरीका मोटरसाइकल र दुई वटा चार चक्के सवार ीसाधन बरामद गरी सवारीधनीलाई हस्तान्तरण गरिएको छ । सो कसुरमा १८ जनालाई पक्राउ गरी कारबाही गरिएको छ । यसअवधिमा फैसला कार्यान्वयनअन्तर्गत फरार रहेका एक सय सात जनालाई पक्राउ गरी अदालतसमक्ष पेस गरिएको जिल्ला प्रहरी कार्यालयको तथ्याङ्क छ । अघिल्लो आवको सोही अवधिमा ८५ जना फरार प्रतिवादी पक्राउ परेका थिए ।

अवैध रूपमा काठ कटान तथा गिट्टी बालुवा उत्खनन्मा संलग्न चार जना पक्राउ परेका छन् । उनीहरूको साथबाट १२ ट्र्याक्टर र १७ वटा अन्य सवारीसधान बरामद गरी उक्त कसुरबाट रु ८० लाख ७८ हजार सात सय राजस्व सङ्कलन भएको छ ।

अपराध न्यूनीकरणसँगै सेवा प्रवाहमा सुधार गरिएको प्रहरी प्रमुख घिमिरेको दाबी छ । प्रहरी कार्यालयमा आउने पीडितलाई सेवा प्रवाहमा सजहीकरण गरी 'भनसुनबिना काम' हुन्छ भन्ने विश्वास दिलाइएको उहाँको भनाइ छ । "बिचौलियाको अभिलेखीकरण गरी त्यस्ता गतिविधिमा संलग्नलाई कारबाही गरिएको छ । गुनासो सम्बोधनका लागि कार्यालय प्रमुखसँग जनताको सिधा पहुँच स्थापित गरिएको छ । यसबाट नागरिकले सुशासन र शान्ति सुरक्षाको महसुस गरेका छन्", उहाँले भन्नुभयो ।

प्रहरी उपरीक्षक घिमिरेले बेलाबखत स्थानीयस्तरमा देखिने समस्यालाई स्थानीय नागरिककै सक्रियता र सहकार्यमा समाधान गरिएकाले कुनै पनि अप्रिय घटना हुन नपाएको बताउनुभयो । कार्यसम्पादनमा उत्कृष्ट ठहरिएको जिल्ला प्रहरी कार्यालय रौटहटलाई गत असोजमा मधेस प्रदेश प्रहरी कार्यालयले पुरस्कृतसमेत गरेको थियो ।रासस

# कृषिबाट आयआर्जन गर्दै दलित महिला

राजविराज।सप्तरीकोअग्निसाइर कृष्णासवरण गाउँपालिका-२ भुरकीका दलित महिला खेतीपाती कुखुरा र हाँस पालेर आयआर्जन गर्दै आएका छन् ।

सशिया महाराज दलित महिला कृषक समूहमा आबद्ध २७ जना दलित महिलालाई हाँसपालन गर्न राष्ट्रिय कृषक समूह महासङ्घ नेपालले सहयोग गरेको छ । समूहका अध्यक्ष श्रीकुमारी मण्डलले हाँसकुखुरा पालनसँगै हरिया सागसब्जी, काउली, प्याज, लसुन, आलु, गोलभैँडाखेतीमा दलित महिलाहरुलाई उत्प्रेरित गरिरहेको बताउनुभयो ।



समूहका महिलाले ३० कठ्ठा जग्गामा काउली, आलु, भण्टा, मुला, राय साग, धनियाँसहितका तरकारी लगाएका छन् । साथै उनीहरूले करेसाबारीमा बेमौसी लिची, नैवा, कागती रोपेका छन्भने हाँस, कुखुरा पालेर अण्डा र मासुको आपूर्ति पनि गरिरहेका छन् । केहीले बाख्रापालन पनि थालेका छन् ।

राष्ट्रिय कृषक समूह महासङ्घले कृषिऔजार, वीउबिजन प्रदान गरेको छ । समूहका प्रत्येक सदस्यमा रु १५ हजार लगानी भएको महासङ्घका अध्यक्ष दीपककुमार ठाकुरले बताउनुभयो । महासङ्घले समय-समयमा महिला तथा पुरुषलाई मल बनाउने तालिम पनि दिँदै आएको छ । करेला, बोडी, सिमी, फर्सी, भिण्डीको वीउ पनि प्रदान गरेर दलित महिलाका आयआर्जनमा महासङ्घले सहयोग गर्दै आएको छ । रासस





# पूर्वमन्त्री आलेलाई विश्वप्रसिद्ध हिन्दु रत्न अवार्ड प्रदान

काठमाण्डु । विश्व हिन्दु महासङ्घले सांसद एवं पूर्वमन्त्री प्रेमबहादुर आलेलाई हिन्दु रत्न अवार्ड प्रदान गरेको छ । महासङ्घले भारतको नयाँ दिल्लीस्थित खाटु श्याम दिल्ली धाममा आयोजना गरेको एक विशेष समारोहमा सांसद आलेलाई हिन्दु धर्म संरक्षण एवं सम्बर्द्धनका अगुवा कालीबाबा शङ्कराचार्यसहित महासङ्घका पदाधिकारीहरुले उक्त अवार्ड प्रदान गर्नुभएको हो ।

महासङ्घले प्रत्येक पाँच वर्षमा विभिन्न देशका समाजसेवी, राजनीतिज्ञ, धर्मगुरु तथा सनातन हिन्दु धर्मको संरक्षण र सम्बर्द्धनमा विशिष्ट योगदान पुऱ्याउनेलाई यो अवार्ड प्रदान गर्दै आएको छ ।

हिन्दु धर्मको संरक्षण र सम्बर्द्धनका साथै सनातन हिन्दु धर्मावलम्बीहरुको सेवा तथा संरक्षणमा विशिष्ट योगदान पुऱ्याएको उल्लेख गर्दै आलेसहित विश्वका विभिन्न देशका विभिन्न व्यक्तित्वलाई उक्त अवार्ड प्रदान गरिएको हो ।

त्यसअवसरमा महासङ्घका अन्तर्राष्ट्रियपदाधिकारीहरु,भारतका वरिष्ठ समाजसेवीहरु, नेपालका पूर्वउपराष्ट्रपति परमानन्द झासहित विभिन्न देशका वरिष्ठ प्रतिनिधिको उपस्थिति रहेको आलेका स्वकीय सचिव हेमन्त रेग्मीले जानकारी दिनुभयो ।





उक्त अवार्ड प्राप्तमा बेलायतका पूर्वप्रधानमन्त्री ऋषि सुनक, भारतका समाजसेवीहरु एसएस अग्रवाल र निता अम्बानी, भारतीय उद्योगपति गीताञ्जली कर्लोस्कर, अमेरिकाका धर्म गुरु स्वामी जय पतका, भारतका समाजसेवी भगवान गङ्गाराम पाण्डे, राजश्री बिरला, श्रीलङ्काका बौद्ध धर्मगुरु थेरो सुमेधा, आर्या समाज सिङ्गापुरका अध्यक्ष ओमप्रकाश राईलगायत हुनुहुन्छ । सांसद आलेले आफूलाई विश्वका विभिन्न देशका विशिष्ट व्यक्तित्वहरुसहित अवार्ड प्रदान गरेकोमा महासङ्घलाई विशेष धन्यवाद ज्ञापन गर्नुभयो ।

त्यस अवसरमा भारतको समाजवादी पार्टीका महासचिव हेमानन्द गिरी, खाटु श्याम धामका अध्यक्ष घनश्याम गुप्ता, विश्व हिन्दु महासङ्घका अध्यक्ष एवं भारतका पूर्वमन्त्री डा आजय सिंहले राजनीति, समाजसेवा तथा आध्यात्मिक क्षेत्रमा विशिष्ठ योगदान पुऱ्याएका विभिन्न देशका विशिष्ट व्यक्तित्वलाई सम्मान गर्न पाएकामा महासङ्घ तथा खाटु श्याम दिल्ली धामका तर्फबाट धन्यवाद ज्ञापन गर्नुभएको थियो ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# कार्यगत एकता आवश्यक

तराई मधेश केन्द्रित र अधिकार पहिचानका लागि लडिरहेका आदिवासी जनजाती सम्बद्ध दलहरुले आफ्नो अस्तित्व जोगाउन कार्यगत एकता गर्नुपर्ने अवस्था आएको छ । संघीय गठबन्धन सरकारमा सहभागी दुई ठूला दल नेपाली काँग्रेस र नेकपा एमालेले संविधान संशोधनको तयारी थालिसकेका छन् । संविधान संशोधन गर्न दुई तिहाई संघीय संसदमा चाहिन्छ । त्यो संख्या हाल काँग्रेस र एमालेसित छैन् । संविधान संशोधन कांग्रेस र एमाले सहित पहिचानवादी दलहरुले पनि चाहेका छन् । सविधानमा धेरै त्रुटि रहेको छ । त्यसको संशोधन आवश्यक भएको सबैले महसुस गरेका छन् । संविधान संशोधन नगरिए कयौं समस्याहरु बल्झिएर संविधान नै फेरिने स्थिति आउन सक्ने संभावना बढदो छ । नेपालमा हाल सम्म संविधान संशोधनमा रुची नदेखाउनेहरुले नयाँ संविधानको पक्षमा सहमत हुने गरेका छन् । वर्तमान संविधानमा अत्यधिक त्रुटि र अस्पष्टता रहेकाले संशोधन गरी सर्वमान्य बनाउन सबै पक्षबीच सहमति आवश्यक छ । दुई ठूला दलले संविधान संशोधन गरी चुनावमा राष्ट्रिय दलको मान्यताका लागि राखिएको थ्रेसहोल्ड बढाउने समानुपातिक निर्वाचन प्रकृयालाई खारेज गरी प्रदेशको संरचनालाई समेत हटाउने गृहकार्य गरिरहेका छन् । प्रत्यक्ष चुनाव प्रकृयाले इमान्दार, निष्ठावान, स्वच्छ चरित्र भएका नेताहरुलाई प्रतिनिधिसभामा पहुँच हुन दिने छैन् । हरेक चुनाव अत्यधिक महँगो हुँदै गएको छ । चुनावमा करोडौ खर्च हुने गरेको छ । धेरै खर्च गर्न सक्नेले मात्र चुनाव जित्ने देखिन्छ । समानुपातिक प्रकृयाबाट पिछडिएका, कमजोर, दलित, महिलाहरुको प्रतिनिधित्व हुने भए पनि केही नेताहरुले समानुपातिक कोटा बिक्री गर्न थालेकाले त्यो पद्धति पनि कमजोर देखिएको छ । संविधान संशोधनमा पहिचानवादी दलहरुको अस्तित्व समाप्त गर्ने गरी थ्रेस होल्ड बढाउने र समानुपातिक चुनाव प्रणाली खारेजी विरुद्ध लाग्न बाध्यतात्मक परिस्थिति सृजना हुन थालेको छ । पहिचान र अधिकारका लागि लडने दलहरु एकीकरण भन्दा कार्यगत एकता गर्नुपर्छ । साझा एजेण्डा सहित सरकारमाथि दबाब बढाउने, अधिकार हरण गर्ने संविधान संशोधनको एजेण्डालाई असफल बनाउनु पर्छ । राजनीतिमा सबैको चाहना सत्तामा रहनु अस्वभाविक होइन् । त्यसकारण एकीकरणको भन्दा कार्यगत एकता गरेर अगाडि बढे ठूला दलहरुले गर्न चाहेको संविधान संशोधनमा महत्वपूर्ण भूमिका पाउन सक्नेछ । संघीय संसदमा संविधान संशोधनका लागि चाहिने आवश्यक संख्या काँग्रेस र एमालेसित नभएकाले अन्य दलहरु आफ्ना माग पनि संशोधनमा संबोधन गराउन सक्ने स्थिति छ । तराई मधेश र पहिचानवादी दलहरुबीच एकताका लागि थालिएको पहल सकारात्मक छ । यसलाई निष्कर्षमा पुऱ्याउनु पर्छ ।

# धोका दिने रावल स्वयं धोकाको शिकार !




प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

नेकपा(एमाले)को केन्द्रीय सचिवालयले भीम रावललाई पार्टीबाट निष्कासन गऱ्यो । यो त्यति अचम्भित हुने खवर होइन् । आफ्ना कुनै प्रतिद्वन्द्वीलाई पार्टीमा टिक्न दिएन भने रावललाई कसरी टिक्न दिन्थ्यो ? नेकपा (एमाले)को महाधिवेशनमा अध्यक्ष पदका लागि ओलीसँग प्रतिस्पर्धा गर्नेहरु ढिलो चाँडो पार्टीबाट बाहिरिएका छन् । रावलले तीन बर्षअघि सौंराहामा सम्पन्न पार्टीको दसौं महाधिवेशनमा पार्टी अध्यक्ष पदका लागि केपि ओलीसँग प्रतिस्पर्धा गरेको थियो । उसो हेर्दा, २०६५ साल फागुनमा सम्पन्न एमालेको आठौं महाधिवेशनबाट झलनाथ खनालसँग प्रतिस्पर्धामा ओली पराजित भएका थिए । २०७१ असारमा सम्पन्न नवौं महाधिवेशनमा ओलीसँग प्रतिस्पर्धागर्ने माधवकुमार नेपाल पराजित भएका थिए । पार्टीका नेतृत्वका साथै देश हाँकेका माधव र झलनाथ खनालजस्ता महारथिलाई एमालेबाट निष्कासित हुनुपर्छ भने रावल कतिबेर टिक्न पाउँथ्यो । एमालेभित्र ओलीको विरोधमा उत्रनेहरु पार्टीभित्र ओझेलमा परेको, निष्कासनमा परेको वा अन्ततः पार्टी छोड्न विवश हुनुपरेको छ । राधाकृष्ण मैनालीले पनि अनेकौंपटक ओलीको कारण एमालेबाट बाहिरिनुपरेको प्रतिक्रिया दिँदै आएका छन् । राजनीतिक विश्लेषकमध्ये कतिपयले पार्टीभित्र ओलीले दम्भकारी नीति अपनाएर प्रजातान्त्रिक अधिकार खोसेको रुपमा व्याख्या गर्छन् भने कतिपयले पार्टीभित्र अनुशासन कायम राख्नका लागि सो कदम बाध्यतावश उठाउनुपरेको रुपमा विश्लेषण गर्छन् । नेपाल कम्युनिष्ट पार्टीमा झण्डै आधा शताब्दी विताएका भीम रावललाई निष्कासित हुनु पर्‍यो । उनीमाथि पार्टी हितविपरीत कार्य गरेको आरोप लगाइएको छ । एमालेमा रावल ओलीको विश्वासपात्र साथीको रुपमा चिनिन्थ्यो । एकताका विपरीत परिस्थितिमा उनले ओलीको पक्षमा अडिग थियो । २०५३ साल असोज ४ गते नेपाल - भारतबीच महाकाली नदीको जलाधार विकास सम्बन्धि सम्झौता भएको थियो । त्यो वेलामा सन्धिको पक्षमा केपि ओलीको साथै भीम रावल पनि थिए । तर, बामदेव गौंतमले सो सम्झौताले नेपाल ठगिएको भनेर पार्टीभित्र चर्को विवाद गऱ्यो । अन्ततः गौंतमले पार्टी विभाजन गरी नेकपा(माले) को पुनः गठन गरेका थिए ।

रावल पहिलोपल्ट २०५२ सालमा पर्यटनराज्य मन्त्री, २०५५ सालमा पर्यटनमन्त्री, २०६६ सालमा गृहमन्त्री र २०७२ सालमा ओली नेतृत्वको सरकारमा उपप्रधानमन्त्री तथा रक्षामन्त्री बनेका थिए । सुदूरपश्चिमको एक प्रभावशाली नेताको पहिचान बनाएका रावल पार्टीको नवौं महाधिवेशनमा माधवकुमार नेपालको समूहबाट उपाध्यक्षमा भारी मतले विजयी भएका थिए । त्यो बेलादेखि नै ओलीसँग उनको दूरी बढ्न थालेको थियो । २०७४ सालमा ओली प्रधानमन्त्री बनेपछि रावललाई मन्त्रिमण्डलमा समेटिएको थिएन् । ओलीको विरुद्धमा २०७६ सालतिर माधव नेपाल- प्रचण्डहरु उत्रेपछि रावलले माधव नेपाललाई सघाएका थिए । नेपाल कम्युनिष्ट पार्टी नामको विषयको मुद्धामा सर्वाच्चको फैसलापछि एमाले र माओवादी पुनः आ-आफ्ना पुरानो अस्तित्वमा फर्के । ओलीलाई हटाउनका लागि पार्टीभित्र विवाद चरमोत्कर्षमा पुग्यो । दुईपटक ओलीले संसद् विघटनपनि गरेका थिए । अन्ततः पार्टी विभाजन हुने निश्चित भएपछि स्वयं रावलको नेतृत्वमा नयाँ पार्टी गठनका लागि विधान तयारपनि भयो । तर, रावल अन्तिम समयमा एमालेमैं बस्ने निर्णयपछि माधव नेपालहरु 'निल्नु न ओकल्नु' अवस्थामा पुगेका थिए । माधव नेपालले आफूलाई अन्तिम समयमा रावलले धोका दिएको आरोप लगाउँदै आइरहेका छन् ।

संस्कृतमा एउटा श्लोक यस्तो छ- आतुरे व्यसने प्राप्ते दुभिक्षे शत्रुसंकटे, राजद्वारे श्मशाने च यस्तिष्ठति स बान्धव ॥ अर्थात, असल मित्र उनै हुन, जो विपत्तिमा, झैं झगडा, अनिकाल परेमा राजकाजमा र कुनैपनि सङ्कटमा पनि साथ दिऊन र मृत्युपछि आर्यघाट (श्मसान)सम्म पुगुन् । तर, रावलले माधवलाई धोका दिए, ओलीसँग रहने निर्णय गरेपनि उनीमाथि ओलीले विश्वास गरेन । रावल कसैको मित्र बन्न सके, उनी स्वयं धोकाको शिकार भए । हुन त, प्रचण्डलाई आर्यघाटसम्मको बचन दिएका ओलीले प्रचण्डलाई हठात् प्रधानमन्त्री पदबाट लडाएर स्वयं प्रधानमन्त्री बनेका थिए । रामचन्द्र पौंडेलले २०६१ सालमा शेरबहादुर देउवालाई पार्टी फोड्नका लागि उचालेका थिए । देउवा अलग भएपछि पौंडेलजी देउवालाई छोडेर काँग्रेसमैं रह्यो । उतिखेर, देउवाले आफूलाई पौंडेलले धोका दिएको आक्रोस पोख्थे । संस्कृतको उक्त श्लोक उनीहरुमाथि सटिक मिलेन् । एकले अर्कालाई धोका दिने खेल जारी राख्यो । सत्ताको सुखभोगमा रमाउनका लागि छलप्रपञ्चकै राजनीतिको खेलले प्रश्रय पाइरहेका छन् ।

संस्कृतको अर्को श्लोकले भन्छ, “अप्राप्यं



नाम नेहास्ति धीरस्य व्यवसायिन । ” अर्थात, जुन व्यक्तिमा साहस र लगन छ ।उसको लागि कुनै कार्य असम्भव छैन ।” केपि शर्मा, साहसिक व्यक्ति हुन् । गिरिजाप्रसादजस्तै आटिलो निर्णय गर्छन् । तर, गिरिजाबावुमा पार्टीभित्र आफ्ना विरोधीलाई समेटेर अगाडि कला थियो ।

सुदूरपश्चिमका शेर कहलिएका रावललाई २०७९मा सम्पन्न निर्वाचनमा प्रतिनिधिसभाको टिकटबाट बञ्चित गर्‍यो । उनले ओलीको उक्त निर्णयको विरुद्धमा विद्रोहगर्ने आँट देखाउन सकेन् । त्यो बेलामा उनले विद्रोह गरेको भए, अहिलेजस्तो हविगत हुने थिएन् । विस्तारै विस्तारै पार्टीको उनको पकड खुकुलो हुँदै गयो । उनी निस्तेज अवस्थामा पुगेपछि ओलीले आफ्नो राजनीतिक अस्त्रले प्रहार गरेको हो ।

राजनीतिमा साहसिक निर्णय नलिनेहरु ओझेलमा परेका अनेकौं उदाहरण छन् । अव, रावललाई आफ्नो सामर्थ्य देखाउनुपर्छ ।

एकताका ओली मैं 'एमाले' देख्ने रावल एमालेबाट निष्कासनमा परेपछि अचेल ओलीलाई सत्तोसराप गरिरहेका छन् । राष्ट्रियस्तरका बामपन्थी नेतामाथि पार्टीले कारवाही, सुरक्षाकर्मीद्वारा पक्राउ, पार्टीबाट निस्कासनजस्ता घटना हुँदा बामपन्थीको नेताको राजनीतिक सूत्र “देशी विदेशी प्रतिक्रियावादी र भारतीय दलालको कारण आफूमाथि कारवाही भएको” भन्ने वाक्यांस रावलले कहिँले बोल्ने भन्ने पर्खाइमा यो पक्तिकार छ । खरो स्वभावका उनी भारतको विरोधमा मनलाग्दि बोल्ने गर्छन् । गत, बुधवार पत्रकारमाझ उनले प्रतिगामीसँग साँठगाँठ गरेको प्रतिक्रिया दिए । ओली भर्खरै, चीन भ्रमण गरेका छन् । यदि, भारतको भ्रमणपछि रावलमाथि कारवाही गरेको भए, रावलले आफूलाई निष्कासनका लागि भारतमा डिजाइन बनेको आरोप लाउन पाउँथे ।

भीम रावलले गत, बुधवार पत्रकार सम्मेलन गरेर आफ्नो भावि नीतिबारे जानकारी गराएको छ । ३१ पानाको लामो विज्ञप्तिमा उनले ३० पानामा ओलीको विरोध र प्रश्नमैं खर्चिएका छन् । अब, उनले राष्ट्रिय अभियानको रुपमा 'मातुभूमि जागरण अभियान' सञ्चालनगर्ने घोषणा गरेका हुन् । सो अभियानलाई राजनीतिक रुप दिँदै आगामी दिनमा नयाँ पार्टी स्थापना हुने लक्ष्य राखिएको देखिन्छ । नेपालमा बामपन्थी दल सवैभन्दा बढी फुट्ने र आवेशमा आएर नयाँ दल बनाउने परम्परालाई अव, रावलले निरन्तरता दिने देखिन्छ । उनले देशमा देशभक्तिपूर्ण राजनीतिक शक्ति अपरिहार्य आवश्यकता छ भनेर पत्रकारबीच धारणा राखेका हुन् ।

सर्वहारा वर्गको उत्थान र मजदुर एकताको हकहितमा आवाज उठाउने उद्देश्यले स्थापना भएका कम्युनिष्ट पार्टीहरु भित्र सत्तामा बर्चस्व राखिराख्ने प्रवृतिले गर्दा अनेकौंपटक पार्टी विभाजित भएको हो । जनताको मुक्तिको नाममा स्थापित कम्युनिष्ट पार्टीमा व्यक्तिगत बर्चस्वको विवाद एवम् उच्च व्यक्तिगत महत्वाकाङ्क्षा र सत्तास्वार्थका लागि पार्टी विभाजन हुने गरेका छन् । तर, उनीहरु अलग हुँदा एक अर्कालाई पार्टीभित्र सैद्धान्तिक विचलनजस्ता बामपन्थी शैलीको शब्दहरु प्रयोगमा ल्याउँछन् । एक अर्कालाई गद्दार, तानाशाही, निरङ्कुश, साम्राज्यवादी, विस्तारवादी, अवसरवादी, भारतीय दलाल, नवसामन्त, भ्रष्टाचारीलगायतका सटिक शब्दहरुले मनका आक्रोस पोख्ने गर्छन् ।

नेपाल कम्युनिष्ट पार्टी स्थापना भएको ७५ बर्षको अवधिमा सो पार्टी दर्जनौंपटक फुटेको इतिहास छ । टुटफुटको विरासतीय श्रृङ्खलालाई नियालेर हेर्दा नेपालको राजनीतिमा पटक पटक सत्तामा पुगेका नेकपा(एमाले) पछिल्लोसमय फुटेर एकीकृत नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) बन्यो ।

### कम्युनिष्ट पार्टीको इतिहास

पुष्पलालको अगुवाईमा २००६ साल वैशाख ११ गते कम्युनिष्ट पार्टीको स्थापना भयो । उनी पार्टीको महासचिव बनेका थिए । त्यससलगत्तै, २००७ सालमा पार्टीभित्र 'गणतन्त्र कि राजतन्त्र ?' 'शान्तिपूर्ण आन्दोलन कि हतियारबद्ध आन्दोलन' भन्ने बहशबाट शुरु भएको नीतिगत विवाद पुष्पलाल र तुलसीलाल अमात्यको अन्तरविरोधसम्म आइपुग्दा 'कुन बाटो ?' र 'अबको बाटो' को विषय विवादमा परिणत भयो । मुलुकमा प्रजातन्त्र स्थापनापछि त्यो विवाद मत्थर भएपनि पार्टी आन्तरिक शक्ति सञ्चयको लागि पाटीभित्र गुटबन्दी शुरु भयो । विसं २०१० मा पार्टीको पहिलो महाधिवेशनबाट मनमोहन अधिकारी र २०१४ सालको महाधिवेशनबाट डा. केशरजङ्ग रायमाझी महासचिव बनेका थिए । २०१७ साल पुस १ गते राजा महेन्द्रले काँग्रेसको सरकारलाई अपदस्त गरी शासन हातमा लिएपछि डा. केशरजङ्ग रायमाझीपनि पक्राउमा परेका थिए । करिव नौं महिना कारागारमा बसेर राजा महेन्द्रको कदमलाई समर्थन गरेर बाहिरिएका थिए । त्यसपछि, कम्युनिष्ट पार्टीको पहिलो विभाजन भयो । सो घटनापछि, पुष्पलाल, तुलसीलाल अमात्य, मोहनविक्रम सिँह र मनमोहन अधिकारीले साम्यवादी विचारधाराको व्याख्यामा फरक फरक धारणा राख्न थालेका थिए । २०१९ मा तेस्रो महाधिवेशनबाट तुलसीलाल अमात्य महासचिवमा निर्वाचित भएका थिए । उनी निर्वाचित भएपछि पार्टीभित्र रायमाझी समूह, तुलसीलाल समूह र पुष्पलाल समूह भनेर तीन समूह पार्टीभित्र देखापर्न थाल्यो । अर्कोतर्फ, रायमाझीले छुट्टै तेस्रो महाधिवेशन गरेर आफू महासचिव भएको घोषणा गरेका थिए । कम्युनिष्ट पार्टी भित्रको आन्तरिक कलह र गुट उपगुटको कारण कम्युनिष्ट पार्टी विलिन हुने खतरा मडारिन थालेको अनुभूति हुन थालेको थियो । रायमाझीको समूह अलग भएको एक बर्षपछि २०२५मा पुष्पलालले नेपाल कम्युनिष्ट पार्टीको तेस्रो महाधिवेशन गराए । महाधिवेशनकै कारण पार्टी विभाजित भयो भनेर २०२८ सालमा मनमोहन अधिकारी र शम्भुराम श्रेष्ठलगायतको नेतृत्वमा 'केन्द्रीय न्युक्लियस' गठन भयो । २०२८ सालमा नेपाल कम्युनिष्ट आन्दोलनको दुईवटा प्रष्ट धार देखिन्थ्यो । पुष्पलाल समूहमा रहेको पूर्वकोशी प्रान्तीय समितिसँग आवद्ध झापा जिल्ला समितिले २०२७ को अन्त्यतिर सशस्त्र आन्दोलनको घोषणा गऱ्यो । जसलाई 'झापा क्रान्ति' भनेर चिनिन्छ । २०३२ सालमा अखिल नेपाल कम्युनिष्ट क्रान्तिकारी को-अर्डिनेशन कमिटी (माले) गठन भयो । त्यसभित्र २०३४ सालमा मुक्ति मोर्चा र पूर्वको रातो झण्डा समूहलगायत साना साना बामपन्थी दलहरु एक्यबद्ध भएर २०३५को अन्त्यतिर नेपाल कम्युनिष्ट पार्टी (माले)को स्थापना भयो । २०४६ सालको जनआन्दोलनपछि २०४७ सालमा नेकपा (माले) र नेकपा मार्क्सवादीबीच एकतापछि नेकपा (एमाले)को गठन भयो । एमाले गठनपछि विधिवत रुपमा दुईपटक विभाजित भएको छ । अव, रावलले नयाँ पार्टी बनाएपछि आउँदो दिनमा एमालेको नेता र कार्यकर्तालाई आफूतिर तान्न सक्यो भने त्योपनि विभाजननै कहलाउँछ ।

नेकपा(एमाले)को छैठो महाधिवेशनमा बामदेव गौंतमको फरक मत र महाकाली सन्धिको सम्बन्धमा पार्टी भित्र विवाद भयो । त्यसपछि, बामदेव गौंतमहरुले पार्टी फोडेर २०५४ साल पुनः नेकपा(माले)को गठन गऱ्यो । २०७७ सालमा एमाले फोडेर माधवकुमार नेपालले एकीकृत समाजवादी पार्टी गठन गरे ।

### किन टुटफुट हुन्छ ?

कम्युनिष्ट पार्टी टुटफुटमा पार्टीको सिद्धान्त, दर्शन वा स्कुलिङको कारणले नभई वास्तवमा व्यक्तिगत स्वार्थसँग नै जोडिएको विगतको व्यवहारबाट पुष्टि हुन्छ । आफ्ना प्रतिद्वन्द्वी एवम् विरोधको स्वरलाई बन्द गर्न नेतृत्वकर्ताले दवाव बनाउने गर्छन् । अर्कोतर्फ, आन्तरिक सङ्घर्ष गर्दागर्दै अवसर पाउनासाथ पार्टीमा विभाजन ल्याउने गरेको बुझिन्छ । पार्टीको नेतृत्वमैं रमाउने खोज्ने, नयाँ पुस्तामा सत्ता हस्तानान्तरण गर्न चाहने मनोवृति छ । हुन त यो काँग्रेस पार्टीमा पनि छ । प्रचण्ड विगत तीन दसकदेखि पार्टी नेतृत्व गरिरहेका छन् । माधवकुमार नेपाल १४ बर्षसम्म एमालेको नेतृत्व गर्‍यो । अव, एकीकृत समाजवादीको नेतृत्व गरिरहेका छन् । मोहनविक्रम सिँह ९० बर्ष उमेर हुँदा पनि उनी नेकपा मसालको नेतृत्व गरिरह्यो । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान विजुक्छेपनि पार्टी नेतृत्व तीन दसकभन्दा बढी समयदेखि गर्दै आइरहेका छन् ।

नेताहरुको समयानुकुल भाषा, बोली बचन फेरिने गर्छन् । बामपन्थी नेताको पनि जीवनशैली उच्चस्तरको छ । तर, नारा चाहिँ सर्वसाहाराकै दिन्छन् । यसो हेर्दा, सभ्रान्त बामपन्थीको चक्रब्यूँहमा बामपन्थी विचारधारा फसेको छ । पार्टीको दर्शन, सिद्धान्तको उपयोग सत्ताको भऱ्याङको रुपमा परिणत भएको छ । सामन्तवादको अन्त्यगर्ने भनेर नारा घनकाउने अचेल पार्टीभित्र सामन्तवाद सोचलाई नै अङ्गालेका छन् भन्नुपर्दा, अतिशयोक्ति नहोला । पार्टीको भवन निर्माणका लागि कुनै व्यापारीको रकम र जग्गा लिनु हुँदैन् कुरा सार्वजनिक गरेपछि उनीहरु कारवाहीमा पर्‍यो । यदि, यस्तै रह्यो भने आउँदो दिनमा एमालेको भविष्यमाथि प्रश्नवाचक चिह्न लाग्न सक्छ ।'इतिश्री'

# नेपालमा जेनेरिक औषधि लेखनको बाध्यकारी नीतिः चुनौती, संभावना र सुधारका उपायहरू

कविन मलेकु

सरकारको चिकित्सकहरूलाई केवल जेनेरिक नाममा औषधि लेख्न बाध्य बनाउने नीतिले स्वास्थ्य सेवामा लागत घटाउने लक्ष्य राखेको देखिन्छ। तर, यो नीति लागू गर्नु अघि वर्तमान स्वास्थ्य संरचना, नियामक प्रणाली र औषधिको गुणस्तर सुनिश्चित गर्ने क्षमताको समीक्षा गर्नु आवश्यक छ। हालको अवस्था नियाल्दा यो नीति तत्काल लागू गर्नु उपयुक्त र सुरक्षित छैन। यहाँ यसबारेको विभिन्न पक्षलाई गहिरो विश्लेषण गरिएको छ।

### नियामक प्रणाली र औषधि गुणस्तरमा कमजोरी

नेपालको औषधि नियामक प्रणाली अहिले विश्व स्वास्थ्य संगठनको म्याचुरिटी लेवल १ (WHO Maturity Level 1) मा छ। यस स्तरमा अत्यावश्यक अध्ययन र मूल्याङ्कन गर्न सक्ने क्षमता न्यून छ। उदाहरणका लागि, नेपालमा निर्मित जेनेरिक औषधिहरूले प्रायः comparative dissolution study, bioavailability (BA) र bioequivalence (BE) परीक्षणहरू पार गरेका हुँदैनन्। यी परीक्षणहरूबिना औषधिको प्रभावकारिता र सुरक्षा सुनिश्चित गर्न गाह्रो पर्छ। अझै बजारमा उपलब्ध जेनेरिक औषधिहरूको गुणस्तर तुलना गर्न पर्याप्त सन्दर्भ मापदण्ड (reference standards) को पनि अभाव छ। उपलब्ध मापदण्डहरू प्रायः भारतजस्ता देशका औषधिमा आधारित हुन्छन् जुन आफैँमा अपर्याप्त छ र जसले अन्तर्राष्ट्रिय स्तरको गुणस्तर सुनिश्चित गर्दैन।

### औषधि उत्पादनमा असमानता

नेपालमा निर्मित जेनेरिक औषधिहरू गुणस्तर र प्रभावकारितामा असमान छन्। सक्रिय घटक (बअतषखभ उजबचकबअभगतष्अबौ ष्लनचभमषभलतक, बएक्ष) को प्रयोगमा भिन्नता हुनु, उत्पादन प्रक्रिया कुशल उत्पादन अभ्यास (न्ःए) को पालन नगर्नु र गुणस्तर नियन्त्रणको अभावले औषधिको प्रभावकारितामा असर गरेको पाइन्छ। यस्तो अवस्थामा, जेनेरिक नाममा औषधि लेख्न बाध्य पार्दा बिरामीको स्वास्थ्यमा गम्भीर जोखिम निम्तिन सक्छ।

### विश्वसनीय औषधि आपूर्ति प्रणालीको अभाव

नेपालमा गुणस्तरीय जेनेरिक औषधिको पर्याप्त आपूर्ति श्रृंखला सुनिश्चित नगरिएको अवस्था छ। यस्तो अवस्थामा सस्तो जेनेरिक औषधि उपलब्ध गराउने नाममा गुणस्तरहीन उत्पादन बजारमा पुग्न सक्छ। दीर्घकालीन रोग, जस्तै मुटु रोग, मिर्गौला समस्या, र संक्रामक रोगहरूको उपचारमा सानो त्रुटिले ठूला स्वास्थ्य समस्याहरू निम्त्याउन सक्छ।

### स्वास्थ्य प्रणाली र प्रशिक्षणको कमी

नेपालमा औषधिको दुष्प्रभाव निगरानी गर्ने फार्माकोभिजिलेन्स प्रणाली कमजोर छ। यसले औषधिको प्रयोगपछि हुने कुनै पनि प्रतिकूल प्रभावलाई पहिचान गर्न र सम्बोधन गर्न असमर्थ बनाउँछ। चिकित्सक र फार्मासिस्टहरूले औषधिको तजभचबउभगतष्अ भत्रगष्खबभिलअभ बारे पर्याप्त ज्ञान नपाएको अवस्थाले गर्दा बिरामीलाई गलत औषधि प्रतिस्थापनको जोखिम बढ्छ वा त्यस्को क्लिनिकल आउटपुट फरक आउन सक्छ।

### रोगीको विश्वासको गिरावट

नेपालमा धेरै ब्रान्डेड जेनेरिक औषधिहरु हुन त त्यसको आफ्नो विश्वाशनियता छ। आफ्नो आफ्नो हिसाबले र एकदम कम मात्रामा क्ष्ललयखबतयच दचबलम औषधिहरु छन्। नेपालका धेरै बिरामीहरूले डाक्टरले लेखेको ब्रान्डेड औषधिलाई भरपर्दो मान्ने परिपाटी बनाएका छन्। गुणस्तर सुनिश्चित नगरी जेनेरिक नाममा औषधि लेख्न बाध्य बनाउँदा स्वास्थ्य प्रणालीप्रतिको विश्वास घट्न सक्छ। यो अवस्था उपचारमा अवरोध ल्याउन सक्छ र बिरामीले आवश्यक सहयोग प्राप्त गर्न नसक्ने स्थिति सिर्जना हुन सक्छ।

### सुधारका उपायहरु

जेनेरिक नाममा औषधि लेखनको नीति लागू गर्नु अघि केही आधारभूत सुधारहरू आवश्यकताहरु विचार गर्नुपर्ने हुन्छ जस्तैः

१. नियामक क्षमता बलियो बनाउनेः नेपालको नियामक प्रणालीलाई ध्ज्इ :बतगचष्तथ ीभखभौ ३ मा पुर्याउन लगानी गर्न आवश्यक छ। यसले औषधिको गुणस्तर सुनिश्चित गर्न र अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने वातावरण तयार पार्छ।

२. औषधि उत्पादनमा गुणस्तर सुधार गर्नेः सबै निर्माताहरूलाई न्ःए पालन अनिवार्य गरिनुपर्छ। साथै, औषधि उत्पादनका क्रममा अफउबचबतष्खभ मष्ककयगितष्यल कतगमथ, द्यब/द्यभ अध्ययन, र चभकष्मगबौ कयखिभलतक , भफिभलतबौ षउगचष्तष्भक को गुणस्तर परीक्षण अनिवार्य गर्नुपर्छ।

३. चिकित्सक र फार्मासिस्टको तालिमः औषधिको तजभचबउभगतष्अ भत्रगष्खबभिलअभ र सुरक्षित प्रयोगबारे चिकित्सक र फार्मासिस्टलाई तालिम दिनुपर्छ। योले उनीहरूलाई रोगीको लागि उपयुक्त औषधि छनोट गर्न सक्षम बनाउँछ।

४. ड्रग थेराप्युटिक कमिटीको स्थापनाः अस्पतालहरूले म्चगन त्जभचबउभगतष्अ ऋयकष्ततभभ (म्त्रऋ) गठन गरी गुणस्तरीय औषधिहरूको सूची तयार गर्नुपर्छ। यसले चिकित्सकहरूलाई उपचारमा सहयोगी गाइडलाइन प्रदान गर्न सक्छ।

५. स्थानिय उत्पादन सुधार र नवप्रवर्तनः स्थानिय औषधि कम्पनीहरूले चयदगकत मबतब नभलभचबतष्यल मा लगानी गर्नुपर्छ। यसमा कतबदषष्तथ तभकतक, दष्यबखबषबिदषष्तथ कतगमष्भक, र बअतषखभ उजबचकबअभगतष्अबौ ष्लनचभमषभलत (बएक्ष) को शुद्धता परीक्षण समावेश हुनुपर्छ।

### सहकार्य र पारदर्शिता

डाक्टर, फार्मासिस्ट र औषधि कम्पनीबीच सहकार्य र पारदर्शी प्रणालीको स्थापना अत्यावश्यक छ। यसले भखष्मभलअभ-दबकभम उचबअतष्अभक लाई प्राथमिकता दिन्छ र प्रचारात्मक प्रलोभनहरूलाई हटाउँछ। औषधि कम्पनीहरूले उत्पादन गुणस्तर सुधार्न वैज्ञानिक प्रमाणहरूमा आधारित रणनीति अपनाउनुपर्छ।

औषधिको लागत घटाउन जेनेरिक नाममा लेखनको नीति प्रभावकारी हुन सक्छ। तर, गुणस्तर सुनिश्चित नगरी यो नीति लागू गर्नुले रोगीको स्वास्थ्यमा गम्भीर असर गर्न सक्छ। नियामक प्रणाली सुधार गर्दै, चिकित्सक र फार्मासिस्टलाई तालिम दिँदै र गुणस्तरीय औषधिको आपूर्ति श्रृंखला तयार गर्दै चरणबद्ध रूपमा यो नीति लागू गर्नु नेपालका लागि उपयुक्त हुनेछ। यस प्रक्रियाले स्वास्थ्य सेवाको गुणस्तर सुधार्न र रोगीप्रतिको विश्वास कायम गर्न मद्दत पुऱ्याउँछ।

# आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकासमा ध्यान दिऔँः अध्यक्ष दाहाल




काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले जनताको आर्थिक अवस्थामा सुधार ल्याउन अर्थतन्त्रमा व्यापक सुधार गर्ने समय आएको बताउनुभएको छ। नेपाल राष्ट्रिय व्यवसायी महासङ्घको सातौँ वार्षिक साधारणसभा तथा तेस्रो राष्ट्रिय महाधिवेशनको उद्घाटन गर्दै उहाँले परिवर्तित राजनीतिक व्यवस्थाअनुकूल जनताको अवस्था परिवर्तन गर्न आर्थिक क्षेत्रमा व्यापक सुधार अनिवार्य भएको बताउनुभयो।

"विगत लामो समयदेखि नेपालको अर्थतन्त्रमा देखिएका चुनौतीको सामना गर्दै यसको सुधारका पक्षमा व्यवसायीले धैर्यता र संयमताका साथ गरिरहेको योगदान स्मरणीय र उल्लेखनीय छ", अध्यक्ष दाहालले भन्नुभयो, "अब क्रमशः नेपालको अर्थतन्त्रमा सुधारका संकेत देखापर्न थालेका छन् । लगानीमैत्री वातावरण, उत्पादन वृद्धि र व्यापार व्यवसायको प्रवर्धनमार्फत स्वरोजगर र रोजगारीका अवसर सिर्जना गर्दै अर्थतन्त्रमा व्यापक सुधार गर्न हाम्रो सम्पूर्ण ध्यान केन्द्रित गर्ने बेला आएको छ।"


अध्यक्ष दाहालले चालु आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम र बजेट निर्माण गर्दा आफ्नो नेतृत्वको सरकारले अर्थतन्त्रका रूपान्तरणकारी क्षेत्रको पहिचान र परिचालनका लागि स्पष्ट योजना अघि सारेको जिकिर गर्नुभयो। उहाँले भन्नुभयो, 'कृषिलाई आधार र सूचना प्रविधिलाई नेतृत्वदायी भूमिकामा राख्ने अवधारणासहित कृषि, पर्यटन, जलविद्युत्, उद्योग र सूचना प्रविधि क्षेत्रलाई रूपान्तरणकारी क्षेत्रका रूपमा पहिचान र परिचालन गर्नु आर्थिक समृद्धिको क्षेत्रमा महत्वपूर्ण सुरुआत हो।"

संविधानको अभिष्ट समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्नु रहेको भन्दै उहाँले त्यसका लागि उत्पादनमुखी अर्थतन्त्रलाई प्रवर्द्धन गर्दै आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकास गर्नुपर्नेमा जोड दिनुभयो।

प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिका सभापति एवं नेपाली कांग्रेसका नेता रामहरि खतिवडाले मुलुकमा व्यावसायिक वातावरण बनाउन दलहरू आरोप प्रत्यारोपमा उत्रनुभन्दा एकताबद्ध भएरक्रियाशील हुनुपर्ने आवश्यकता औँल्याउनुभयो । उद्योगी, व्यवसायीलाई दुःख दिने कार्य कसैले पनि गर्न नहुनेमा जोड दिँदै उहाँले व्यवसायीले भोग्नुपरेका समस्या समाधान गर्न समितिका तर्फबाट आफूले सहयोग गर्ने विश्वास दिलाउनुभयो। माओवादी केन्द्रका नेता एवं सांसद माधव सापकोटाले मुलुकको अर्थतन्त्रलाई सुधार गर्दै व्यवसायीले भोग्दै आएका चुनौतीलाई समाधान गर्न सम्पूर्ण राजनीतिक दल एकठाउँमा उभिनुपर्ने बताउनुभयो।

कार्यक्रममा महासङ्घमा रहेर व्यावसायिक क्षेत्रमा विशिष्ट योगदान गरेबापत कुसुम महर्जन, लक्ष्मी खड्का र अञ्जु चाम्लिङलाई प्रशंसापत्रसहित सम्मान गरिएको थियो ।रासस

# पर्यटकीय क्षेत्र सोलुखुम्बुको विकासमा सरकार प्रतिबद्ध छ : प्रधानमन्त्री ओली



सोलुखुम्बु । प्रधानमन्त्री केपी शर्मा ओलीले पर्यटनमा विशेष योगदान दिइरहेको सोलुखुम्बुको विकासका लागि सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ। खुम्बु पासाङ ल्हामु गाउँपालिका-२ सुर्केमा आयोजित डिमदोर्जी शेर्पा पर्यटन सडक उद्घाटन समारोहलाई सम्बोधन गर्दै उहाँले यहाँ विकासका पूर्वाधारलाई थप सबल बनाइने बताउनुभयो।

प्रधानमन्त्री ओलीले पर्यटन सडकको स्तरोन्नतिका लागि प्रदेश र सङ्घीय सरकारबीच सहकार्य कायम रहने बताउनुभयो। "यो सडकलाई कालोपत्र बनाउने जिम्मा दुवै सरकारको हुनेछ। यस जिल्लाको विकास अभियानमा सरकारले कुनै कसर बाँकी राख्दैन", उहाँले भन्नुभयो,"राष्ट्रिय विभूति पासाङ ल्हामु शेर्पा र तेन्जिङ नोर्गे शेर्पाजस्ता विश्वविख्यात सहासिक व्यक्तिहरूको जन्मभूमि खुम्बुमा थप विकासका कामले पर्यटन प्रवर्द्धनमा ठूलो सहयोग पुऱ्याउनेछ।"

खुम्बु क्षेत्रमा सडक सञ्जाल विस्तार र स्तरोन्नतिका लागि सरकारले गम्भीर प्रयास गर्ने प्रतिबद्धता दोहोऱ्याउँदै प्रधानमन्त्री ओलीले यहाँ साहसिक पर्यटन र सांस्कृतिक महत्वलाई थप उजागर गर्न आवश्यक पूर्वाधार निर्माणमा सरकारको विशेष ध्यान जाने बताउनुभयो । "सोलुखुम्बु पर्यटकीय सम्भावनाले भरिपूर्ण जिल्ला हो। विश्वकै सर्वोच्च शिखर सगरमाथाको प्रवेशद्वार भएकाले यस क्षेत्रले साहसिक पर्यटकलाई आकर्षित गर्दै आएको छ । यहाँका जनतालाई आर्थिक रूपमा सबल बनाउने गरी विकासका कार्यक्रम अगाडि बढाउन सरकार तयार छ", उहाँले भन्नुभयो।

सडकको स्तरोन्नति र पूर्वाधारको विस्तारले यहाँको पर्यटन व्यवसायलाई नयाँ उचाइमा पुऱ्याउने प्रधानमन्त्री ओलीको विश्वास छ। यस सडक निर्माणले खुम्बु क्षेत्रका बासिन्दालाई यातायात सुविधा सहज बनाउनाका साथै जिल्लाको समग्र आर्थिक र सामाजिक विकासमा सहयोग, पर्यटनमा ऐतिहासिक योगदान पुग्ने अपेक्षा गरिएको छ ।रासस

# 'वर्तमान सरकारको पहिलो 'एजेन्डा' संविधानमा सुधार'

दमक । नेपाली कांग्रेस कोशी प्रदेशका सभापति एवं पूर्वमुख्यमन्त्री उद्धव थापाले वर्तमान सरकारको पहिलो ' एजेन्डा' संविधानमा सुधार रहेको बताउनुभएको छ।

पार्टीको सयदिने विशेष साङ्गठनिक अभियानअन्तर्गत आज झापा क्षेत्र नं ५ ले यहाँ आयोजना गरेको कार्यक्रममा उहाँले समानुपातिक व्यवस्थाको मर्म नमर्ने गरी राजनीतिक स्थायित्वका सवाल संविधान संशोधनको मुद्दा बन्ने बताउनुभयो।

सभापति थापाले राष्ट्रिय राजनीतिमा नेपाली कांग्रेसले निर्वाह गरिरहेको अभिभावकीय भूमिकालाई थप सशक्त बनाउन हाल सञ्चालित अभियानले थप योगदान दिने बताउनुभयो।

कोशी प्रदेशले यही पुस २४ गतेदेखि कचनकवलबाट सोलुखुम्बुस्थित सगरमाथाको फेदीसम्म सञ्चालन गर्ने पदयात्राले तराईदेखि हिमालसम्मका नागरिकहरुलाई पार्टीमा जोड्न र नयाँ ऊर्जा भर्ने विश्वास व्यक्त गर्नुभयो।

"पार्टीले सुरु गरेको यस अभियानका क्रममा चौध जिल्लाको साङ्गठनिक अवस्था, जनप्रतिनिधिको भूमिका, कांग्रेस सरकारमा रहँदा ल्याइएका गौरवका योजना, पार्टीका अग्रज एवं सहिद परिवारको राजनीतिक योगदान र पारिवारिक अवस्थालगायत विषयमा अन्तरक्रिया हुने भएकाले पनि यसले पार्टीमा ऊर्जा थप्नेछ", उहाँले भन्नुभयो, "यो अभियान सात महिनापछि सगरमाथाको कालापत्थरमा जलवायु परिवर्तनसम्बन्धी विभिन्न सात राष्ट्रका विज्ञहरू राखेर छलफल गरेर समापन हुनेछ।"

क्षेत्रीय सभापति ढुण्डिराज भण्डारीकोसभापतित्वमाआयोजित कार्यक्रममा कांग्रेस केन्द्रीय सदस्य महेन्द्रकुमारी लिम्बू, पूर्वआमन्त्रित केन्द्रीय सदस्य दिलीप राई, झापाका पार्टी सभापति देउकुमार थेवे, उपसभापति केशव पाण्डेलगायतले सम्बोधन गर्नुभएको थियो ।रासस

# एमाले केन्द्रीय समिति बैठक आइतबार बस्दै



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) केन्द्रीय समिति बैठक आइतबारदेखि सुरु हुँदैछ। पार्टी केन्द्रीय कार्यालय च्यासलमा बिहान ११ बजेदेखि सुरु हुने बैठकमा पार्टी अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले राजनीतिक प्रतिवेदन प्रस्तुत गर्नुहुनेछ।

यसअघि प्रतिवेदनमाथि समूहगत छलफल हुने गरेकामा यसपटक भने प्रत्येक केन्द्रीय सदस्यलाई बेग्लाबेग्लै धारणा राख्ने व्यवस्था मिलाइएको पार्टी उपाध्यक्ष सुरेन्द्र पाण्डेले जानकारी दिनुभयो । प्रत्येक सदस्यलाई करिब तीन मिनेटको समय उपलब्ध गराउने तयारी गरिएको छ।

बैठकको प्रारम्भमा अध्यक्ष ओलीले पछिल्लो राष्ट्रिय राजनीतिक परिस्थितिका बारेमा मन्तव्य दिनुहुनेछ। उहाँबाट प्रस्तुत हुने राजनीतिक प्रतिवेदनमा आगामी कार्ययोजना, पार्टी सङ्गठन सुदृढीकरण, वर्तमान सरकार गठन, यसअघिका सरकारमा साझेदारी, सरकारका प्राथमिकता, संविधान संशोधन, आर्थिक सुधार, सहकारीलगायत विषय समेटिएका उपाध्यक्ष पाण्डेले बताउनुभयो।

बैठकमा केन्द्रीय सदस्य र आयोगका प्रमुखलगायत सहभागी हुनेछन् । दुई दिनभित्र बैठक सक्ने तयारी छ। यही पुस १८ गते एमाले सचिवालय बैठकले केन्द्रीय समिति बैठकमा प्रस्तुत हुने राजनीतिक प्रतिवेदन पारित गरेको थियो । अध्यक्ष ओली नेतृत्वमा सरकार गठन भएपछि पहिलो पटक केन्द्रीय समिति बैठक बस्न लागेको हो। संसद्को हिउँदे अधिवेशनको पूर्वसन्ध्यामा बस्न लागेको बैठकले संविधान संशोधनलगायतका 'एजेण्डा'मा ठोस धारणा तय गर्ने बताइएको छ ।रासस

# राप्रपा नेपालको महाधिवेशन आगामी मङ्सिर १३ गतेदेखि




काठमाण्डु। राप्रपा नेपालको महाधिवेशन आगामी मङ्सिर १३ देखि १५ गतेसम्म काठमाडौँमा हुने भएको छ । पार्टी अध्यक्ष कमल थापाको अध्यक्षतामा यही पुस १९ र २० गते बसेको बैठकले यस्तो निर्णय गरेको हो।

बैठकले राजनीतिक कार्यपत्र, सङ्गठन विभागको प्रतिवेदन, तराई मधेस उत्थान अभियानसम्बन्धी कार्ययोजना, आर्थिक प्रतिवेदन र सचिवालयको प्रतिवेदन परिमार्जनसहित पारित र महाधिवेशनको मिति तय गरेको महामन्त्री राजाराम बर्तौलाले जानकारी दिनुभयो।

बैठकले बलियो राष्ट्रवादी प्रजातान्त्रिक शक्ति निर्माण गर्न समान विचारधारा भएका दल वा समूहसँग सकेसम्म एकता तथा सहकार्य गरी मोर्चा बनाउने र पार्टीले अवलम्बन गरेको सम्वर्द्धनवादको धरातलमा राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको मार्गदर्शन र दिव्योपदेशलाई 'पृथ्वीपथ'को रूपमा अङ्गीकार गर्ने निर्णय गरेको पनि बर्तौलाले जानकारी दिनुभयो।

संवैधानिक निकाय र न्यायपालिकामा हुने नियुक्तिमा राजनीतिकरण र पार्टीगत भागवण्डा अन्त्य गर्न संवैधानिक परिषद् र न्याय परिषद्को गठनविधिमा सुधार र भ्रष्टाचार उन्मुलन गर्न 'जनलोकपाल'को अवधारणामा आधारित अधिकार सम्पन्न संवैधानिक निकायको व्यवस्था गर्न बैठकले माग गरेको छ। यस्तै, सहकारी संस्था सञ्चालनसम्बन्धी सरकारले हालै जारी गरेको अध्यादेश अपूरो रहेको ठहर गर्दै बैठकले सङ्कटग्रस्त सहकारी संस्थाहरूको राष्ट्रियकरण गरी बचतकर्ताको रकम फिर्ता गर्ने जिम्मा सरकारले लिनुपर्ने, मिटरव्याजसम्बन्धी समस्या तत्काल नियन्त्रण गरी पीडितलाई न्याय दिन र बैङ्क तथा लघुवित्तले लिने चर्को व्याज नियन्त्रण गर्न, जनकपुरधामस्थित जानकी मन्दिरलाई विश्वसम्पदा सूचीमा राख्न र जनकपुर क्षेत्रलाई सांस्कृतिक नगरीको रूपमा एकीकृत विकास गर्न सरकारसँग माग गरिएको महामन्त्री बर्तौलाले बताउनुभयो। रासस

# रास्वपाको केन्द्रीय समितिको दुई दिने बैठक




काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को दुईदिने केन्द्रीय समितिको बैठक शनिबारदेखि काठमाडौँमा सुरू भएको छ।

शनिबार र आइतबार बस्ने रास्वपाको केन्द्रीय समितिको बैठकको पहिलो दिन सहकार ासम्बन्धी अध्यादेश २०८१ र संसद्मा दर्ता भएका विधेयकमाथि छलफल गर्दै पार्टीको धारणा प्रस्तुत गर्ने कार्यवाहक प्रवक्ता मनिष झाले जानकारी दिनुभयो।

शनिबारको बैठकमा रास्वपाका केन्द्रीय सदस्यहरूबीच पार्टीको सङ्गठन संरचना, समीक्षा, रणनीति, सवलीकरण र जागरणलगायत विषयमा छलफल हुने कार्यक्रम छ। आजै स्थानीय तह उपनिर्वाचनको समीक्षा गर्दै समसामयिक राजनीतिक छलफल र रिपोर्टिङ गर्ने कार्यक्रम तय भएको छ । बैठकको दोस्रो दिन संविधान परिमार्जन सम्बन्धमा छलफल गर्ने बताइएको छ।

पार्टीका कार्यवाहक महामन्त्री कविन्द्र बुर्लाकोटी तयार गर्नुभएको तालिकाअनुसार उक्त बैठकले प्रस्तावानाको व्याख्या एवं स्वाङ्गिण विकासको भावी रोडम्यापबारे छलफल गर्नेछ । रास्वपाको जलेश्वर बैठक र राष्ट्रिय भेलामा प्रस्तुत पार्टी सभापतिको राजनीतिक प्रतिवेदनका आधारमा पार्टीको आगामी कार्यदिशासँगै कार्यक्रम तालिकाबारे यस बैठकमा छलफल हुने बताइएको छ।

कार्यवाहक महामन्त्री बुर्लाकोटीका अनुसार आइतबारको बैठकले केन्द्रीय समिति, सल्लाहकार परिषद्, थिंकट्यांक एवं केन्द्रीय विभागको पुनःसंरचना, पार्टीको आचारसंहिता र बैठक सञ्चालन कार्यविधि संशोधनका विषयमा गर्नेछ।

रास्वपाको केन्द्रीय समितिमा सभापति रवि लामिछानेसहित जम्मा ६१ जना सदस्य छन् । सभापति लामिछानेलाई सहकारी ठगी, सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दा लागेपछि पार्टीको कार्यवाहक सभापतिको जिम्मेवारीमा डोरप्रसाद अर्यालले हुनुहुन्छ ।रासस

# विवरण अध्यावधिक गर्न नेपाली संघसंस्थालाई बेलायती दूतावासको आग्रह

बेलायत। नेपाली राजदूतावास लन्डनले बेलायतमा रहेका नेपाली सङ्घसंस्थालाई आफ्नो विवरण उपलब्ध गराउन आग्रह गरेको छ। दूतावासले, बेलायतमा रहेका सम्पूर्ण सङ्घसंस्थालाई यही पुस २३ गतेभित्र सम्पूर्ण विवरण उपलब्ध गराउन आग्रह गरेको छ। आगामी दिनमा नेपाली सङ्घसंस्थाले आयोजना गर्ने कार्यक्रम र नेपाली समुदायसँग सहकार्य गर्ने उद्देश्यले विवरण अध्यावधिक गर्न लागिएको दूतावासले जनाएको छ।

दूतावासद्वारा जारी सूचनामा भनिएको छ, "संयुक्त अधिराज्यमा हाल क्रियाशील रहेका नेपाली सङ्घसंस्था/सङ्गठनको विवरण आवश्यक भएकाले सम्बन्धित लिङ्कमा गई ०७ जनवरी २०२५ भित्र आ-आफ्नो विवरण अद्यावधिक-उपलब्ध गराउनु हुन सम्बन्धित सबैमा अनुरोध छ।"

बेलायतमा रहेका सङ्घसंस्थासँग नेपाली समुदाय र नेपालको हितका लागि सहकार्य गर्न लालयित रहेको जनाउँदै समुदायबाट रचनात्मक सुझाव, सल्लाह केही भए उपलब्ध गराउनसमेत दूतावासले आग्रह गरेको छ ।रासस

# निजी क्षेत्रको सहभागीतामार्फत ऊर्जा क्षेत्रको विकासमा सरकार लागेको छ : मन्त्री खड्का




काठमाण्डु , ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले निजी क्षेत्रको सहभागीतामार्फत ऊर्जा क्षेत्रको विकासमा सरकार लागेको बताउनुभएको छ।

लालुपाते हाइड्रोपावरद्वारा मनाङको नासोङ गाउँपालिका-२ मा निर्माण हुन लागेको ४९.९५ मेगावाटको दानाखोला हाइड्रोपावरको वित्तिय व्यवस्थापन हस्ताक्षर समारोहमा शुक्रबार साँझ आयोजित कार्यक्रममा बोल्दै उहाँले निजी क्षेत्रलाई साथमा लिएर सरकारले राखेको ऊर्जा विकासको लक्ष्य पुरा गरिने बताउनुभएको हो।

"सरकारले आम्दानीको मुख्य स्रोतका रुपमा जलविद्युत् क्षेत्रलाई लिएको छ, स्रोतलाई अधिकतम प्रयोग गरेर नीजि क्षेत्रलाई साथमा लिएर यस क्षेत्रको विकास गर्छौं, देशभित्रका लगानीकर्तालाई उत्साहित गर्नेगरी सरकारले काम गरिरहेको छ," उहाँले भन्नुभयो । आयोजना ओगटेर बस्न नहुने उहाँको भनाइ थियो ।ऊर्जामन्त्री खड्काले स्रोतमाथिको अधिकार सबैका लागि हुने भन्दै गरिब र विपन्न जनताको लागि सरकारले न्यूनतम व्याजदरमा शेयर खरीद गर्ने व्यवस्था मिलाउन लागेको उल्लेख गर्नुभयो । उहाँले देशका अधिकाशं स्थानमा मोटरबाटो पुगेकाले आयोजना निर्माणका लागि अब धेरै समय नलाग्ने बताउनुभयो। उहाँले छिमेकी मुलुक भारतसहित अन्य मुलुकसमेतले नेपालबाट विद्युत् आयत शुरु गरेकाले बजार सुनिश्चित भएको भन्दै आयोजना निर्माणमा लाग्न लगानीकर्तालाई आग्रह गर्नुभयो।

ऊर्जा क्षेत्रलाई चलायमान बनाउन जरुरी रहेको उहाँको भनाइ थियो ।सांसद टेकबहादुर गुरुङले समयमा आयोजना पुरा हुनेगरी काम गर्न लगानीकर्तालाई आग्रह गर्नुभयो । उहाँले कृषि, पर्यटन र जलस्रोतको धनी मनाङमा मोटरबाटोको पहुँच सबै स्थानमा पुऱ्याउन सके समृद्ध जिल्ला बन्ने दावी गर्नुभयो।

स्वतन्त्र ऊर्जा उत्पादकको संस्था (इप्पान)का अध्यक्ष गणेश कार्कीले ऊर्जा विद्येयकलाई परिमार्जन गरेर अगाडि बढेमात्र सरकारले १० वर्षमा २८ हजार पाँच सय विद्युत् उत्पादन गर्न राखेको लक्ष्य पुरा हुने बताउनुभयो ।मनाङको नासोङ गाउँपालिकाका अध्यक्ष धनबहादुर गुरुङले आयोजना प्रभावित बासिन्दालाई आयोजनाले रोजगारी र शेयरको शुनिश्चितता गर्नुपर्ने बताउनुभयो।

विस २०८४ कात्तिक २ गतेसम्म सक्ने लक्ष्यका साथ निर्माण हुन लागेको दानाखोला हाईड्रोपावरमा मुख्य लगानी सानिमा बैंकको रहेको छ। उक्त जलविद्युत् गृहमा वित्तिय व्यवस्थापनका लागि सानिमा बैंकका प्रमुख कार्यकारी अधिकृत निश्चलराज पाण्डे र लालुपाते हाईड्रोपावरका अध्यक्ष मोहनकुमार डाँगीले हस्ताक्षर गर्नुभएको छ ।लालुपाते हाईड्रोपावरका अध्यक्ष डाँगीले नौ अर्ब ९६ करोडको लगानीमा दानाखोला जलविद्युत् केन्द्र निर्माण गर्न लागिएको जानकारी दिनुभयो ।रासस

# तरकारी तथा फलफूलको मूल्य

काठमाण्डु । कालीमाटी फलफूल तरकारी विकास समितिले शनिबारका लागि कृषिउपजहरूको थोक मूल्य निर्धारण गरेको छ।

समितिका अनुसार प्रस्तुत तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो। आज गोलभैँडा ठूलो (भारतीय) रु ९०, गोलभैँडा सानो (लोकल) रु २५, गोलभैँडा सानो (भारतीय) रु ४५, गोलभैँडा सानो (तराई) रु ४५, आलु रातो प्रतिकेजी रु ५२, आलु रातो (भारतीय) प्रतिकेजी रु ४४, प्याज सुकेको (भारतीय) प्रतिकेजी रु ७२, गाजर (लोकल) प्रतिकेजी रु १००, गाजर (तराई) प्रतिकेजी रु ९०, बन्दा (लोकल) प्रतिकेजी रु २५, बन्दा (तराई) प्रतिकेजी रु २०, बन्दा (नरिवल) प्रतिकेजी रु ३०, काउली स्थानीय प्रतिकेजी रु ३०, स्थानीय काउली (ज्यापु) प्रतिकेजी रु ४०, काउली तराई प्रतिकेजी रु ३०, मूला रातो प्रतिकेजी रु ३५, मूला सेतो (लोकल) प्रतिकेजी रु ३०, सेतो मूला (हाइब्रिड) प्रतिकेजी रु ४५, भन्टा लाम्चो प्रतिकेजी रु ४०, भन्टा डल्लो प्रतिकेजी रु ६० कायम भएको छ।

यसैगरी, मकै बोडी प्रतिकेजी रु ७०, मटरकोसा प्रतिकेजी रु १२०, घिउ सिमी (लोकल) प्रतिकेजी रु ७०, घिउ सिमी (हाइब्रिड) प्रतिकेजी रु ७०, घिउ सिमी (राजमा) प्रतिकेजी रु ९०, टाटे सिमी प्रतिकेजी रु ५०, तिते करेला प्रतिकेजी रु १००, लौका प्रतिकेजी रु ६०, परवर (तराई) प्रतिकेजी रु १००, फर्सी पाकेको प्रतिकेजी रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकेजी रु ३०, हरियो फर्सी (डल्लो) प्रतिकेजी रु ३०, सलगम प्रतिकेजी रु १००, भिण्डी प्रतिकेजी रु ११०, सखरखण्ड प्रतिकेजी ८०, बरेला प्रतिकेजी रु ४०, पिँडालु प्रतिकेजी रु ९०, स्कुस प्रतिकेजी रु ४०, रायो साग प्रतिकेजी रु २५, पालुङ्गो साग प्रतिकेजी ८०, चमसुरको साग, रु ८०, तोरीको साग प्रतिकेजी रु ४०, मेथीको साग प्रतिकेजी रु ८०, प्याज हरियो प्रतिकेजी रु ६०, बकुला प्रतिकेजी रु १००, तरुल प्रतिकेजी रु ८०, च्याउ (कन्य) प्रतिकेजी रु ८०, च्याउ (डल्ले) प्रतिकेजी रु ४०० निर्धारण गरिएको छ।

ब्रोकाउली प्रतिकेजी रु ५०, चुकुन्दर प्रतिकेजी रु ९०, सजीवन रु २५०, रातो बन्दा प्रतिकेजी रु ७०, जिरीको साग प्रतिकेजी रु १००, ग्याठ कोबी प्रतिकेजी रु ९०, सेलरी प्रतिकेजी रु ४००, पार्सले (प्रतिकेजी रु ८००, सौफको साग प्रतिकेजी रु १००, पुदिना प्रतिकेजी रु ४००, गान्टे मूला प्रतिकेजी रु ८०, इमली प्रतिकेजी रु १६०, तामा प्रतिकेजी रु १००, तोफु प्रतिकेजी रु १२०, गुन्दुक प्रतिकेजी रु ३०० तोकेको छ।रासस

# कृषि बालीले ढाकेको क्षेत्रफल बढ्यो

काठमाण्डु । आर्थिक विकासमा कमजोर अवस्थामा रहेको कर्णाली प्रदेशको आर्थिक वृद्धिदर (उत्पादकको मूल्यमा) तीन दशमलव ३९ प्रतिशत रहेको अनुमान सार्वजनिक भएको छ। नेपाल राष्ट्र बैंकले गरेको अध्ययनअनुसार आर्थिक वर्ष २०८०/८१ मा कुल गार्हस्थ्य उत्पादन उत्पादकको मूल्यमा तीन दशमलव ८७ प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ।

यस्तै, आधारभूत मूल्यमा तीन दशमलव ५४ प्रतिशतले वृद्धि भएको अनुमान छ। आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ्य उत्पादन उत्पादकको मूल्यमा एक दशमलव ९५ प्रतिशत र आधारभूत मूल्यमा दुई दशमलव ३१ प्रतिशतले वृद्धि भएको संशोधितअनुमान रहेको केन्द्रीय बैंकले जनाएको छ।सल्यान, कालिकोट, दैलेख र सुर्खेत जिल्लाका स्थलगत तथा रुकुम पश्चिम, डोल्पा, जुम्ला, मुगु, जाजरकोट र हुम्ला जिल्लाका गैरस्थलगत अध्ययनबाट तयार पारिएको आर्थिक वर्ष २०८०/८१ को वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन राष्ट्र बैंकले सार्वजनिक गरेको हो।



समीक्षा वर्षमा यस प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल एक दशमलव ९४ प्रतिशतले वृद्धि भएको छ। प्रमुख बालीमध्ये धान र मकै बालीले ढाकेको क्षेत्रफल क्रमशः आठ दशमलव ४८ प्रतिशत र दुई दशमलव १२ प्रतिशतले बढेको छ भने गहुँ, कोदो, जौ र फापर बालीले ढाकेको क्षेत्रफल क्रमशः शुन्य दशमलव ९७ प्रतिशत, २८ दशमलव १६ प्रतिशत र ३३ दशमलव ३० र २३ दशमलव शुन्य एक प्रतिशतले घटेको छ।त्यसैगरी, तरकारी र बागबानी बालीले ढाकेको क्षेत्रफल ३६ दशमलव ४० प्रतिशत र पाँच ९८ प्रतिशतले वृद्धि भएको छ। सो प्रदेशमा समग्र कृषि बालीको उत्पादन छ दशमलव ७९ प्रतिशतले वृद्धि भएको छ।

खाद्य तथा अन्य बालीभित्र पर्ने प्रमुख कृषि बालीमा धान र गहुँको उत्पादन क्रमशः १२ दशमलव शुन्य चार प्रतिशत र शुन्य दशमलव ४३ प्रतिशतले वृद्धि भएको छ भने मकै, कोदो, जौ तथा फापरको उत्पादनमा क्रमशः सात दशमलव ६१ प्रतिशत, १९ दशमलव ८७ प्रतिशत, १८ दमलव ९८ प्रतिशत र आठ ४६ प्रतिशतले कमी आएको छ। सो प्रदेशमा दुध उत्पादन सात दशमलव ८२ प्रतिशतले बढेको छ। त्यस्तै मासु, माछा र अण्डा उत्पादनमा क्रमशः छ दशमलव ५८ प्रतिशत, तीन दशमलव ३४ र शुन्य दशमलव ९० प्रतिशतले वृद्धि भएको छ।

बैंक तथा वित्तीय संस्थाबाट कर्णाली प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कर्जाले कुल कर्जाको नौ दशमलव १२ प्रतिशत हिस्सा ओगटेको छ। कृषि क्षेत्रमा प्रवाहित कर्जा गत वर्षको तुलनामा एक दशमलव ७१ प्रतिशतले घटेको छयस प्रदेशमा नमुना छनोटमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ४८ दशमलव ५१ प्रतिशत रहेको छ। प्लाष्टिकजन्य उत्पादन सम्बन्धी उद्योगको उपयोग क्षमता सबैभन्दा बढी शत प्रतिशत रहेको छ भने अन्न तथा पशुदाना उत्पादन गर्ने उद्योग अन्तर्गत पिठो उत्पादन गर्ने उद्योगको उपयोग क्षमता सबैभन्दा कम १५ प्रतिशत छ।

समीक्षा वर्षमा औद्योगिक कर्जा गत वर्षको तुलनामा तीन दशमलव ३३ प्रतिशतले वृद्धि भएको छ। कर्णाली प्रदेशमा प्रवाह भएको समग्र कर्जाको छ दशमलव ९५ प्रतिशत हिस्सा उद्योग क्षेत्रले ओगटेको छ। सो प्रदेशमा भित्रिने पर्यटकको संख्यामा २३ दशमलव ४० प्रतिशतले वृद्धि भएको छ। भारत, चीन र तेस्रो मुलुकबाट भित्रिने पर्यटकको संख्या क्रमशः २३ दशमलव ४९ प्रतिशत, १५ दशमलव ७७ प्रतिशत र २४ दशमलव ८४ प्रतिशतले वृद्धि भएको छ।

बैंक तथा वित्तीय संस्थाहरुद्वारा प्रवाहित कुल कर्जामध्ये सबैभन्दा धेरै ८३ दशमलव ९३ प्रतिशत कर्जा सेवा क्षेत्रमा प्रवाह भएको छ। सो प्रदेशमा वाणिज्य बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या चार सय ७५ तथा शाखारहित बैंकिङ संख्या ३० पुगेको छ। समीक्षा वर्षमा यस प्रदेशमा कर्जा तथा निक्षेप अनुपात ७८ दशमलव ५० प्रतिशत छ।सो प्रदेशमा विद्युत प्रसारण लाईन दुई हजार चार सय १६ दशमलव ४७ सर्किट किलोमिटर पुगेको छ। समीक्षा वर्षसम्म सो प्रदेशमा १७ दशमलव ४१ मेगावाट विद्युत् उत्पादन भएको छ।रासस

# अमेरिकी डलरको मूल्य उकालो लाग्दा अन्य विदेशी मुद्रा कुन बढ्यो कुन घट्यो



काठमाण्डु । नेपाल राष्ट्र बैङ्कले शनिबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ।

निर्धारित विनिमयदरअनुसार लगातार उकालो लागेको अमेरिकी डलरको मूल्यमा शनिबार पनि वृद्धि भएको छ। यस्तै, क्यानेडियन डलर, अष्ट्रेलियन डलर, युएई दिराम, कुवेती दिनार, बहराइन दिनार र ओमनी रियालको पनि भाउ बढेको छ।

युरोपियन युरो, युके पाउन्ड स्टर्लिङ, स्विस फ्र्याङ्क, सिङ्गापुर डलर, चिनियाँ युआन, थाई भाट, मलेसियन रिङ्गेट, साउथ कोरियन वन, स्विडिस क्रोनर,डेनिस क्रोनरको भने भाउ घटेको छ। केही विदेशी मुद्राको भाउ भने स्थिर रहेको छ।

केन्द्रीय बैंकले तोकेको विनिमयदर अनुसार, अमेरिकी डलर एकको खरिददर एक सय ३६ रुपैयाँ ९४ पैसा र बिक्रीदर एक सय ३७ रुपैयाँ ५४ पैसा कायम भएको छ। युरोपियन युरो एकको खरिददर एक सय ४१ रुपैयाँ ०२ पैसा र बिक्रीदर एक सय ४१ रुपैयाँ ६४ पैसा, युके पाउन्ड स्टर्लिङ एकको खरिददर एक सय ७० रुपैयाँ बिक्रीदर एक सय ७० रुपैयाँ ७४ पैसा , स्विस फ्र्याङ्क एकको खरिददर एक सय ५० रुपैयाँ ६७ पैसा र बिक्रीदर एक सय ५१ रुपैयाँ ३३ पैसा कायम गरिएको छ।

> **केन्द्रीय बैंकले तोकेको विनिमयदर अनुसार, अमेरिकी डलर एकको खरिददर एक सय ३६ रुपैयाँ ९४ पैसा र बिक्रीदर एक सय ३७ रुपैयाँ ५४ पैसा कायम भएको छ ।**

अष्ट्रेलियन डलर एकको खरिददर ८५ रुपैयाँ २१ पैसा र बिक्रीदर ८५ रुपैयाँ ५८ पैसा, क्यानेडियन डलर एकको खरिददर ९५ रुपैयाँ ११ पैसा र बिक्रीदर ९५ रुपैयाँ ५२ पैसा, सिङ्गापुर डलर एकको खरिददर ९९ रुपैयाँ ९६ पैसा र बिक्रीदर एक सय रुपैयाँ ४० पैसा निर्धारण गरिएको छ।

जापानी येन १० को खरिददर आठ रुपैयाँ ७१ पैसा र बिक्रीदर आठ रुपैयाँ ७५ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ७१ पैसा र बिक्रीदर १८ रुपैयाँ ७९ पैसा,साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ४६ पैसा र बिक्रीदर ३६ रुपैयाँ ६२ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ५६ पैसा र बिक्रीदर ३७ रुपैयाँ ७३ पैसा कायम भएको छ।

केन्द्रीय बैङ्कका अनुसार थाई भाट एकको खरिददर तीन रुपैयाँ ९८ पैसा र बिक्रीदर चार रुपैयाँ, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ २८ पैसा र बिक्रीदर ३७ रुपैयाँ ४५ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रुपैयाँ ४३ पैसा र बिक्रीदर ३० रुपैयाँ ५६ पैसा निर्धारण भएको छ। साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ३२ पैसा र बिक्रीदर नौ रुपैयाँ ३६ पैसा, स्विडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ३२ पैसा र बिक्रीदर १२ रुपैयाँ ३७ पैसा र डेनिस क्रोनर एकको खरिददर १८ रुपैयाँ ९० पैसा र बिक्रीदर १८ रुपैयाँ ९९ पैसा तोकिएको छ।

राष्ट्र बैङ्कले हङ्कङ डलर एकको खरिददर १७ रुपैयाँ ६० पैसा र बिक्रीदर १७ रुपैयाँ ६८ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ४३ रुपैयाँ ८० पैसा र बिक्रीदर चार सय ४५ रुपैयाँ ७५ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ६३ रुपैयाँ २५ पैसा र बिक्रीदर तीन सय ६४ रुपैयाँ ८४ पैसा, ओमनी रियाल एकको खरिदर तीन सय ५५ रुपैयाँ ६८ पैसा र बिक्रीदर तीन सय ५७ रुपैयाँ २४ पैसा तोकिएको छ। त्यसैगरी, भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकिएको छ।

यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने राष्ट्र बैङ्कले जनाएको छ। वाणिज्य बैङ्कले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैङ्कको वेबसाइटमा उपलब्ध हुनेसमेत जनाइएको छ।रासस

# देशभर एकै साथ जलपंछी गणना शुरु हुँदै

कञ्चनपुर । देशभरका ताल, तलैया नदी र सिमसार क्षेत्रमा आजदेखि एकै साथ जलपंछी गणनाकार्य गरिने भएको छ। हरेक वर्षको जनवरी महिनाको पहिलो शनिवारदेखि जलपंछी गणनाकार्य गर्रिंदै आएको छ।

जनवरी ४ तारिखदेखि १९ सम्म९पुस २० गतेदेखि माघ ६ गतेसम्म० जलपंछीको सङ्ख्या, प्रजाती, बासस्थानको अवस्था बारे जानकारी लिनका लागि गणनाकार्य हुनलागेको नेपाल पंछीविद सङ्घका बरिष्ठ चरा विद तथा वेटल्याण्ड्स इन्टरनेशनल नेपालका लागि जलपंछी गणना संयोजक लक्ष्मणप्रसाद पौडयालले बताउनुभयो।

उहाँका अनुसार यस अवधिमा पानीमा आश्रित तथा पानी वरिपरि बस्ने आवासीय र बसाइँसराइ गर्ने चराको तथ्याङ्क सङ्कलनकार्य हुनेछ।

गत वर्ष कोशिटप्पु बन्यजन्तु आरक्ष, चितवन, बाँके, बर्दिया, शुक्लाफाँटा, रारा राष्ट्रिय निकुञ्ज, काठमाडौं, पोखरा, लुम्बिनी, बिसहजारी ताल, घोडाघोडी, जगदिशपुरलगायतका तालसँगै देशका विभिन्न ताल तलैया र सिमसार क्षेत्रमा जलपंछी गणनाकार्य गरिएको थियो।

"यस वर्ष पनि यी क्षेत्रलाई निरन्तरता दिइने लक्ष्य राखेका छौं" उहाँले भन्नुभयो, "गोक्यो, गोसाइँकुण्ड, माईपोखरी, फोक्सण्डो तालजस्ता हिमाली क्षेत्रका तालमा भने अझै नियमित गणनाकार्य हुन सकेको छैन, यी ताल र अन्य संभावित सिमसार क्षेत्रमा चरा अबलोकनमा जानेको विवरण माग गरेका छौं इच्छुक जो सुकैले जान सक्छन्।

"विगतका वर्षझै यस वर्ष पनि तराई, भित्रि मधेश, रारा ताल, काठमाडौं उपत्यका र पोखरा उपत्यका सबै प्रमुख सिमसार क्षेत्रमा जलपंछी गणनाकार्य गरिने उहाँले बताउनुभयो।



भारतीय महादिपमा एशियाली जलपंछी गणनाकार्य सन् १९८७ देखि वेटल्याण्ड्स इन्टरनेशनलले शुरु गरेको हो। यो कार्य शुरुमा एशियाको अफगानिस्तान, जापान, दक्षिण एशिया र अष्ट्रेलियामा गरिएको थियो। सन् १९८७ देखिनै नेपालमा पनि एशियाली जलपंछी गणनाकार्य नियमितरुपमा हुँदै आएको छ। नेपालमा पहिलो गणना एक रामसार साईट र अन्य केही सिमसार क्षेत्रमा गरिएको थियो। त्यस पछि गणनाकार्य निरन्तररुपमा जारी रहेको छ।

"जलपंछी गणनाकार्यले देशको जैविक विविधता संरक्षणमा महत्वपूर्ण भूमिका खेलेको छ" संयोजक पौडयाले भन्नुभयो, "यस गणनामुख्य उद्देश्य पानीमा आश्रित बसाइसराई गर्ने, पानीमा र त्यसको वरिपरि बस्ने चराको सङ्ख्या र वितरणको बारेमा जानकारी सङ्कलन गर्नु रहेको छ।" यस कार्यबाट सिमसार क्षेत्रको अवस्था, जलपंछीको प्रजनन्को अवस्था र जलवायू परिवर्तनको अवस्था बारे जानकारी पाउन सकिने उहाँ बताउनु हुन्छ। जलपंछी गणना सिमसारको स्वास्थ्य मूल्याङ्कन, जलवायु परिवर्तनको अवस्था बुझ्न, सिमसार संरक्षण योजना बनाउन र जनचेतना अभिवृद्धि गर्न महत्वपूर्ण रहेको उहाँको भनाइ रहेको छ। यसले रामसार महासन्धी, प्रवासी प्रजातीसम्बन्धी महासन्धी, जैविक विविधताको महत्वपूर्ण पंछी क्षेत्र कार्यक्रम, आइसियुएन रेड लिष्ट कार्यक्रम र वेटल्याण्ड्स इन्टरनेशनलको जलपंछी सङ्ख्या अनुमान कार्यक्रमजस्ता विभिन्न अर्न्तराष्ट्रिय सन्धि तथा अभियानको कार्यान्वयनमा पनि सहयोग पुरयाउने उहाँको बुझाइ रहेको छ।

> **स्थानीयरुपमा जलपंछी गणनाकार्य गर्नका लागि स्वयंसेवकको रुपमा देशभर २४ जनालाई साईट-कोअर्डिनेटरका रुपमा खटाइएको छ ।**

गत वर्ष सन् २०२४मा गरिएको जलपंछी गणनामा देशभरका १८ प्रमुख सिमसार क्षेत्र अर्न्तगत ८४ वटा साना क्षेत्रमा चार सय दुई जना स्वयंसेवकले ७९ प्रजातीका ६३ हजार नौ सय जलपंछी रेकर्ड गरेका थिए।

यीमध्ये छ वटा रामसारमा सूचिकृत सिमसार क्षेत्र पनि थिए। बरिष्ठ पछीविद पौडयालका अनुसार यस वर्षको गणनाप्रारम्भीक नतिजा आगामी २ फ्रेवुअरी २०२५ मा विश्व सिमसार दिवसको अबसरमा सार्वजनिक गरिने छ।विस्तृत प्रतिवेदन भने आगामी वैशाख १ गते देखि ७ गतेसम्म मनाइने बन्यजन्तु सप्ताहका अवसरमा सार्वजनिक गरिने छ। गत विगत वर्षको तथ्याङ्कको तुलनात्मक अध्ययनबाट जलपंछीको सङ्ख्या, विवरण र सिमसारको अवस्थाबारे महत्वपूर्ण जानकारी प्राप्त हुने अपेक्षा गरिएको छ।

स्थानीयरुपमा जलपंछी गणनाकार्य गर्नका लागि स्वयंसेवकको रुपमा देशभर २४ जनालाई साईट-कोअर्डिनेटरका रुपमा खटाइएको छ।

उत्तरी धुव्र रुस, चिन, मङ्गोलियालगायतका अत्यधिक चिसो हुने क्षेत्रबाट हजारौंको सङ्ख्यामा चरा जाडो छल्न अनूकुल वातावरण र प्रचुर मात्रामा खानेकुराको खोजीमा नेपालका विभिन्न ताल, तलैया, नदी र वनजङ्गल क्षेत्रमा आउने गर्दछन्।उत्तरी ध्रुवमा हिउँ परेर तापक्रम निकै चिसो हुने भएकाले चरा बाँच्नका लागि अनुकूल तापक्रमको खोजिमा नेपालमा आउने गर्दछन्।

यहाँका ताल तलैया, नदीमा माछा, किराफटयाङ्गाजस्ता खानेकुरा प्रचुर मात्रामा पाइने र विभिन्न संरक्षित क्षेत्रमा शिकारीबाट बच्नेकार्य सँगै सुरक्षित बासस्थान उपलब्ध हुने भएकाले चराका लागि अनुकूल वातावरण रहने गर्दछ।नेपालमा हिउँदमा बसाइँसराई गरी आउने जलपछीमा हाँसका विभिन्न प्रजाती, जलेवा, गङ्गाचीललगायत रहने गर्दछन।रासस


**Madhesh Province Government**

## Ministry of Physical Infrastructure Development

**Janakpurdham, Dhanusha, Nepal**

## Invitation of Bid

**First Date of Publication: Jan 05, 2025**

The Ministry of Physical Infrastructure Development, Janakpurdham has allocated budget for purchasing goods and intends to apply part of the budget towards the cost of the following:

**The Procurement:**

| Contract No. | Description of Goods | Estimated Amount (Including VAT) | Last Date of Bid Purchase | Last Date of Bid Submission/ Opening | Bid Security (NRs)/ Validity Period | Bid Document Fee |
|---|---|---|---|---|---|---|
| MOPID/MP/ NCB/ GOODS/ 01/2081/082 | Procurement of the Supply and Delivery of SUV | NRs. 1,15,00,000.00 | 2081/10/21 | 2081/10/22 | NRs 3,00,000.00 /120 days | NRs. 3000.00 |

The bidders are requested to submit their bids through bolpatra.gov.np by the mentioned date and time.

# प्रहरी, पालिकामा लाग्ने झगडियाको भीड घटाउनु आवश्यक

**टुडे समाचारदाता**

जनकपुरधाम । स-सानो कुरामा आवेशमा आइ विवाद , झै.झगडा गर्ने अवस्थाले बर्वाद हुने स्थिति उत्पन्न भएको जनाइएको छ।

तत्काल रिस थाम्न नसकेर हत्यासम्मको मनोवृत्ति देखा पर्दै जानु समाजका लागि ठूलो रोगझैं भएको पाइएको छ।

स्थानीय तहमा नागरिकहरुको बीचमा हुने झै. झगडा तथा वादविवाद समाधान गर्न नैतिकवान मधेश तथा सशक्त नैतिक शिक्षा कार्यक्रम अन्तर्गत वादविवाद सम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रममा उक्त अवस्थाबारे जानकारी गराइएको छ।

छिमेकी-छिमेकीबीचको झगडा, विवाद समाधान, उजुरी सन्दर्भमा प्रहरी र नेता, अभियन्ता समक्ष मेलाको स्थिति रहेको तथ्यगत जानकारी दिइएको छ।

मधेशी आयोग र जिल्ला प्रहरी कार्यालय धनुषाद्वारा आयोजित कार्यक्रममा प्रहरी समक्ष विवाद समाधानका लागि नेतादेखि अभियन्ताको आग्रह,




नेतृत्वकर्ताहरुको टेलिफोन, झगडियाको चापलले अन्य काम सम्पादन गर्नमासमेत समस्या भएको बताइएको छ।

श्रीमान-श्रीमती, सासु-बुहारी, दाजुभाइ, बुबाछोराबीचको विवादले समाज अन्ध्यारोतर्फ लम्कि रहेको सूचक भएको पनि जनाइयो।

धनुषा जिल्ला अदालतका जिल्ला न्यायाधीश चुरामन खडकाले द्वन्द्व र विवादको सही व्यवस्थापन हुन नसक्दा झगडिया, विवाद गर्नेको चाप यत्रतत्र देखिएको र विवाद, तनावरहित समाज सिर्जना हुन नसकेको बताए।

पीडा, कुण्ठा पालेर राख्ने मनोविज्ञानले गर्दा पनि संस्कारी परिवार, समाजको अभाव बोघ भइरहेको चर्चा गर्दै उनले जरैलेखि निमिट्यान पार्न अनुभव, सीप, कौशलताको प्रयोग विवेकसम्मत किसिमले गर्नु आवश्यक रहेको प्रसंग उनले उल्लेख गरे।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख भुवनेश्वर तिवारीले औपचारिकभन्दा अनौपचारिक प्रक्रियाले विवाद समाधान गर्दा दुबै पक्षको जित हुने तथ्यलाई सबै पक्षले मनन गर्नु जरुरी रहेको बताए।

प्रहरी, पालिकामा लाग्ने भीडलाई घटाउन गलत सञ्चार र गलत तत्वलाई निरुत्साहित गरिएमा सांस्कृतिक तथा सामाजिक सौहार्दता कायममा टेवा पुऱ्याउन सक्ने वातावरण सिर्जना हुन सक्ने धारणा राखे।

जिल्ला समन्वय समितिका सभापति राजनन्दन मण्डल नैतिक शिक्षाको पठनपाठन बन्द गरिएदेखि अनैतिकताले प्रश्रय पाएको चर्चा गर्दै हरेक विद्यालयमा नैतिक शिक्षाको पढाइलाई अनिवार्य गर्नु आवश्यक रहेको बताए।

अज्ञानताका कारण समाज , परिवारमा विवादको वृद्धि भएको बताउँदै उनले २०२८ सालमा नयाँ शिक्ष लागु गरी नैतिक शिक्षालाई धराशायी बनाएको तथ्य जानकारी गराए।

आयोगका अध्यक्ष डा. विजय दत्तले मधेशी समुदायको हरेक निकायमा पहुँच , क्षमतावान बनाउने गतिविधि सञ्चालन गर्न आयोग क्रियाशील रहेको बताए।

आयोगका सदस्य जीवछ साहले विकृति, विसंगति, कुलत ,असमाजिकताको अन्त्य गर्न सबैको अग्रसरताको खाँचो औल्याउनु भयो।

# यातायात क्षेत्रलाई विश्वासिलो बनाउनु पर्छ :नेता निधि



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली काँग्रेसका नेता एवं पूर्व उपप्रधानमन्त्री विमलेन्द्र निधिले देशको सबैभन्दा ठूलो रोजगार दिने यातायात क्षेत्रलाई भरपर्दो र विश्वासिलो बनाउनुपर्नेमा जोड दिएका छन्।

माँ जानकी यातायात प्रालि जनकपुरधामको छैटौं वार्षिक साधारण सभा तथा तेस्रो अधिवेशनको शनिवार जनकपुरधाममा उदघाटनगर्दै नेता निधिले यातायात क्षेत्रका मजदुर हरूको हक र अधिकार संरक्षणका लागि आफ्नो निरन्तर सहयोग रहने प्रतिबद्धता व्यक्त गरे।

विगतमा आफू भौतिक पूर्वाधार तथा यातायात मन्त्रीका रूपमा कार्य गर्दै गर्दा विभिन्न उल्लेखनीय योगदान र यातायात सुधारका महत्वपूर्ण निर्णयहरू गरेको स्मरणगर्दै यातायात व्यवस्थापनलाई आधुनिक, व्यवस्थित र सर्वसुलभ बनाउनका लागि भएका सुधारका कारणले यातायात प्रणालीलाई सबल बनेको बताए।

जनकपुरधाममा अन्तर्राष्ट्रिय स्तरको बसपार्क निर्माणका लागि हरसम्भव सहयोग र प्रयास जारी राख्ने प्रतिबद्धतागर्दै देशको समृद्धिको यात्रामा सार्वजनिक क्षेत्रका बस व्यवसायीको ठूलो योगदान रहेको स्पष्ट गरे।

माँ जानकी जनकपुरधाम यातायात प्रालिका अध्यक्ष मनोज कुमार चौधरीको अध्यक्षतामा भएको उद्घाटन सत्रमा यातायात व्यवसायी र यातायात मजदुर हरुको समस्या समधान गर्न सरकार सकारात्मक हुनुपर्ने माग गरेका थिए।

# चिसोले जनजीवन कष्टकर

**टुडे समाचारदाता**

रौतहट । पछिल्ला केही दिनदेखि रौतहट जिल्लामा चिसोको प्रभाव तीव्र बनेको छ। बिहान बेलुका बाक्लो कुहिरोसँगै चिसोको मात्रा अत्यधिक बढ्दा जनजीवन कष्टकर भएको छ । विशेषगरी बालबालिका र वृद्धवृद्धा एवम कमजोर प्रतिरोधी क्षमता भएका वर्गहरू यस चिसोबाट बढी प्रभावित भएका छन् ।



पछिल्लो समय चिसोका कारण सडकमा हिँडडुल गर्ने सर्वसाधारणको संख्यामा निकै कमी आएको छ। स्थानीय बासिन्दाहरूले अति आवश्यक कामबाहेक घर बाहिर निस्कन छाडेका छन्। चिसोको असर बजार क्षेत्रमा पनि देखिएको छ, जहाँ किनमेल गर्ने ग्राहकहरूको संख्या न्यून देखिएको छ। सरकारी कार्यालयहरूमा समेत सेवाग्राहीको उपस्थिति घटेको छ, जसका कारण दैनिक कामकाजमा प्रभाव परेको छ।

चिसोको बढ्दो प्रभावले गर्दा अस्पतालमा बिरामीहरूको संख्या दिनानुदिन बढ्दै गएको छ। प्रादेशिक अस्पताल गौरका इमर्जेन्सी विभागका प्रमुख चिकित्सक मनोज ठाकुरका अनुसार बालबालिकामा निमोनिया र कोल्ड डायरियाका बिरामी बढी देखिएका छन्। वृद्धवृद्धाहरूमा दम, खोकी, र ज्वरो जस्ता समस्या देखा परेका छन् । चिकित्सक ठाकुरले चिसोबाट बच्न सर्वसाधारणलाई बिना आवश्यक काम घरबाहिर ननिस्कन, न्यानो कपडा लगाउन, र तातो पानीको सेवन गर्न सुझाव दिएका छन्। साथै, पोषिलो र ताजा खाना खानुको महत्त्व पनि उनले औंल्याएका छन्।

चिसोको कष्टबाट बच्न नगरक्षेत्र र ग्रामीण क्षेत्रमा आगो ताप्नका लागि दाउरा तथा अन्य न्यानो साधनहरूको व्यवस्था गर्नुपर्ने आवश्यकता देखिएको छ। नागरिक समाजका अध्यक्ष जगन्नाथ केशरीले १८ वटै पालिकालाई यस्तो व्यवस्था गर्न आग्रह गरेका छन् । चिसो छल्न आगो ताप्न आवश्यक दाउरा वा अन्य सामग्रीको व्यवस्थाले सर्वसाधारणलाई राहत मिल्ने अपेक्षा गरिएको छ।

चिसोका कारण विद्यालयहरूमा विद्यार्थीहरूको उपस्थिति पनि घट्दै गएको छ। शिक्षण संस्था तथा अन्य क्षेत्रका कामकाजमा समेत चिसोले प्रभाव पारेको छ । बिहानको समयमा कुहिरो लाग्ने र चिसो हावाले गर्दा दैनिक जीवनका क्रियाकलापहरूमा अवरोध आएको छ।

चिसोबाट प्रभावितहरूलाई राहत दिन स्थानीय सरकारले तुरुन्तै कदम चाल्नुपर्ने देखिन्छ। आगो ताप्नका लागि सार्वजनिक स्थानहरूमा व्यवस्था मिलाउनु, न्यानो कपडाको वितरण गर्नु, र बालबालिका तथा वृद्धवृद्धाका लागि विशेष स्वास्थ्य सेवाको पहुँच बढाउनु आवश्यक छ। स्थानीय नागरिक समाजले पनि चिसो छल्न आवश्यक सहायता उपलब्ध गराउनका लागि विभिन्न पहलहरू गर्नुपर्ने देखिन्छ। सर्वसाधारणलाई स्वास्थ्य सचेतना र तातो पानी तथा पोषिलो खानाको महत्वबारे जानकारी दिन आवश्यक छ।

रौतहट जिल्लाको यो वर्तमान स्थिति प्रायः हरेक वर्ष देखिने समस्या हो । तर, यस वर्ष चिसोको तीव्रता र प्रभावले जनजीवन झनै कठिन बनाएको छ। यस्तो परिस्थितिमा स्थानीय सरकार, सामाजिक संस्थाहरू, र नागरिकहरूबीच सहकार्य आवश्यक छ, जसले चिसोको चपेटाबाट प्रभावितहरूको समस्या समाधानमा महत्वपूर्ण भूमिका खेल्न सक्छ।

# क्रिकेटर आरिफ र आशिफ विवाह बन्धनमा



**टुडे समाचारदाता**

वीरगञ्ज । नेपाली राष्ट्रिय क्रिकेटरद्वय आरिफ शेख र आशिफ शेख विवाह बन्धनमा बाधिएका छन्।

वीरगन्जका शेख दाजुभाइले बिहीबार र शुक्रबार विवाह गरेका छन्। २७ वर्षीय आरिफले बिहीबार स्थानीय सवाना खातुनसँग र २३ वर्षीय आसिफले शुक्रबार वीरगन्जकी आरजु अन्सारीसँग लगनगाँठो कसेका छन्।

नेपाली राष्ट्रिय क्रिकेट टिमका ओपनर आसिफ शेख पनि वैवाहिक बन्धनमा बाँधिएका छन्। आरिफ र आसिफ दुवैले मागी विवाह गरेका हुन्। आरिफ राष्ट्रिय टोलीका अलराउन्डर छन् भने आशिफ विकेट किपर तथा ओपनर ब्याट्सम्यान रहेका छन्।

आशिफ हालै काठमाडौंमा सम्पन्न नेपाल प्रिमियर लिग (एनपिएल) विजेता जनकपुर बोल्ट्सका मार्की खेलाडी समेत थिए। यस्तै दाजु आरिफ एनपिएल उपविजेता टोली सुदूरपश्चिम रोयल्सका महत्वपूर्ण खेलाडी थिए।

# हत्याका आरोपी महतो पक्राउ

**दिलीप पाण्डे**

रौतहट । रौतहट प्रहरीले १६ वर्षअघि आफ्नै भाइको श्रीमतीको हत्या गरेर फरार रहेका कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादीलाई पक्राउ गरी अदालतमा पेश गरेको छ । रौतहटको कटहरिया नगरपालिका वडा नम्बर १ का ५२ वर्षीय जितन महतोले २०६५ साल पुस २७ गते आफ्नै भाइकी श्रीमती शारदा देवीको हत्या गरेका थिए।



महतोले शारदा देवीलाई योजनाबद्ध रूपमा हत्या गरी शव खेतमा गाडेका थिए। हत्या गरेको दिनदेखि नै फरार रहेका महतो १६ वर्षसम्म लुकेर बसिरहेका थिए । लामो समयसम्म फरार रहेका उनलाई विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय रौतहटको टोलीले पुस १८ गते पक्राउ गरेको हो । पक्राउपछि जिल्ला प्रहरी कार्यालय रौतहटले उनलाई आवश्यक अनुसन्धान गरी पुस १९ गते अदालतमा पेश गरेको थियो। जिल्ला प्रहरी कार्यालय रौतहटका निमित्त सूचना अधिकारी उमाशंकर प्रसाद गुप्ताले महतोको गिरफ्तारीबारे जानकारी दिएका छन्। गुप्ताका अनुसार, २०६५ सालमा भएको घटनामा महतोले आफ्नै भाइकी श्रीमतीको हत्या गरी शव खेतमा गाडेका थिए। घटनाको प्रकृति र अनुसन्धानका क्रममा विभिन्न प्रमाणहरूले महतोको संलग्नता पुष्टि भएको थियो।

घटनापछि महतो फरार रहेकाले उनको खोजी कार्य लामो समयसम्म जारी रहेको प्रहरी निरीक्षक गुप्ताले बताए। उनले भने, “पक्राउ परेका जितन महतोमाथि थप अनुसन्धान गर्न म्याद थप गरिएको छ। घटना गम्भीर प्रकृतिको भएकाले अनुसन्धान र कानुनी प्रक्रिया अघि बढाउन कुनै पनि कसर बाँकी राखिने छैन । महतोले किन र कसरी भाइकी श्रीमतीको हत्या गरे भन्ने बारेमा प्रहरी अनुसन्धान जारी छ। प्रारम्भिक अनुसन्धानका अनुसार, घटनामा व्यक्तिगत कारण हुनसक्ने आशंका गरिएको छ। घटनाको वास्तविक कारण र अन्य विवरण भने अनुसन्धानपश्चात् मात्र खुलासा गरिने प्रहरीले जनाएको छ।

# निःशुल्क मिटर उपलब्ध



**टुडे समाचारदाता**

राजविराज। विपन्न वस्तीमा विद्युत सेवा पहुँच र सहजताका लागि सप्तरीको छिन्नमस्ता गाउँपालिकाले निःशुल्क रुपमा विद्युतीय मिटर वितरण गर्न थालेको छ।

शनिवार दलित वस्तीका डोम, मुसहर, एकल महिला लगायत विपन्न परिवारका ५९ जनालाई निःशुल्क विद्युतीय मिटर वितरण गर्दै उक्त कार्यको शुभारम्भ गरिएको छ।

छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरीले आर्थिक रुपले अत्यन्तै कमजोर विपन्न वर्गको छनौट गरी विद्युतमा पहुँच बढाउन निःशुल्क रुपमा विद्युतीय मिटर वितरण कार्य शुरु गरिएको बताए। उनले थप अति विपन्न वर्गको पहिचान गरी क्रमिक रुपमा विपन्न वस्तीमा निःशुल्क रुपमा विद्युतीय मिटर उपलब्ध गराउने योजना रहेको बताए।

विजुलीबत्तीको अभावमा विपन्न वस्तीका वासिन्दाको दैनिकी कष्टकटर बन्नुका साथै उनीहरुका सन्तानको पठनपाठन समेत प्रभावित हुने गरेकाले विद्युतमा पहुँच र सहजताका लागि यस्तो कार्यक्रम ल्याइएको उनले बताए । नयाँ चरणमा थालिएको ‘उज्यालो विपन्न वस्ती अभियान’ अन्तर्गत निःशुल्क मिटर वितरण गर्न शुरु गरिएको र यो सुविधा पालिका भित्रका सबै विपन्न वस्तीमा पुर्‍याउने योजना रहेको समेत उनले जानकारी दिए।

यसअघि सो पालिकाले विद्युत प्राधिकरणसँग सम्झौता गरी पालिका भित्रका किसानलाई प्रोत्साहन गर्न कृषि मिटरको व्यवस्था गरी सोको विद्युत महसुल पनि पालिकाले नै तिर्ने व्यवस्था मिलाएको छ।

कृषि र कृषकको विकासका लागि ३० प्रतिशत बजेट छुट्याएको पालिका अध्यक्ष चौधरीले जानकारी दिए।

यता रकमको अभावमा विद्युतीय मिटर किन्न नपाइ अँध्यारोमा बस्न बाध्य विपन्न समुदायका व्यक्तिहरु निःशुल्क रुपमै विद्युतीय मिटर पाएपछि निकै हर्षित भएका छन्।

# अवैध घरेलु मदिरा भट्टी नष्ट

**टुडे समाचारदाता**

रौतहट । रौतहटको गौर नगरपालिकामा प्रहरीले अवैध घरेलु मदिरा उत्पादन गरिरहेको ३ वटा भट्टी नष्ट गरेको छ । शनिबार प्रहरी गस्ती टोलीले गौर नगरपालिका-५ स्थित लुकाई-छिपाई सञ्चालन गरिएका भट्टीहरूमा छापा मारेर मदिरा उत्पादनका लागि प्रयोग हुने ठूलो परिमाणमा तयारी मदिरा र सामग्री बरामद गरेको छ।

सो क्रममा ७ सय लिटर तयारी मदिरा, २८ सय लिटर कच्चा पदार्थ, ४ थान हण्डा, ८ थान डेक्ची, ३ थान स्टिलका बाल्टिन, ४ थान ग्यास सिलिण्डर, ४ थान ग्यास चुल्हो, १४० थान प्लास्टिक ग्यालिन र १० थान प्लास्टिक बाल्टिन बरामद गरिएका छन् । बरामद सामग्री घटनास्थलमै नष्ट गरिएको प्रहरीले जनाएको छ। प्रहरीले छापामार्ने क्रममा भट्टीका संचालकहरू भाग्न सफल भएका कारण उनीहरूको खोजी कार्य जारी रहेको जनाएको छ । यस घटनापछि प्रहरीले स्थानीयहरूलाई यस्ता अवैध गतिविधि विरुद्ध सहयोग गर्न आग्रह गरेको छ।



निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक उमाशंकर प्रसादका अनुसार अवैध मदिरा उत्पादन र यसको विक्री वितरणले समाजमा नकारात्मक प्रभाव पार्ने भएकाले यस्ता कार्य रोक्न कडाइका साथ निगरानी र कारबाहीको प्रक्रिया अघि बढाइनेछ । समाजमा शान्ति सुव्यवस्था कायम राख्न र गैरकानुनी गतिविधिमा नियन्त्रण गर्न प्रहरीले आफ्नो सक्रियता बढाउँदै जाने जनाएको छ।

# जेसीजको अध्यक्षमा मुकेश प्यानलसहित निर्वाचित



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुर जेसीजको ४२औं अधिवेशन सम्पन्न भएको छ।

अधिवेशनबाट जेसीजको अध्यक्षमा मुकेशकुमार साह निर्वाचित भएका छन्।

शनिबार साँझ भएको निर्वाचनमा साह १२७ मत ल्याएर अध्यक्षमा निर्वाचित भएका छन्। उनका निकटतम प्रतिद्वन्दी उपेन्द्र कुमार साहले ५० मत ल्याए। कार्यकारिणी उपाध्यक्षमा ओमप्रकाश साह र मनोहर ठाकुर निर्वाचित भएका छन्।

यसैगरी उपाध्यक्षमा राजेश ठाकुर, रामसोगारथ साह, अमरेन्द्र साह र सुबोध ठाकुर निर्वाचित भएका हुन् । नवनिर्वाचित अध्यक्षले महासचिव र कोषाध्यक्ष चयन गर्नेछन्।

कुल १८१ मत खसेको जनकपुर जेसीजको निर्वाचनमा ४ वटा मत बदर भएको थियो।

# सिंगाहा पुल जीर्ण बन्दा आवत जावतमा समस्या

**टुडे समाचारदाता**

वीरगञ्ज। बारा पर्सा जोड्ने सिंगाह पुल बर्षौदेखि जीर्ण बन्दा स्थानीयलाई आवत जावतमा समस्या हुनुका साथै दुर्घटनाको जोखिम समेत बढेको छ। बाराको निर्वाचन क्षेत्र नं.४ अन्तर्गत विश्रामपुर गाँउपालिका वडा नं.-५ नकटुवा स्थित सिंगहा पुल जीर्ण बन्दा आवतजावतमा समस्या भएको छ।

बाराको निर्वाचन क्षेत्र नं.४ को (ख) बाट दोस्रो पटक निर्वाचित प्रदेशसभा सदस्य जितेन्द्र सोनल र संघीय सासंद कृष्ण कुमार श्रेष्ठ (किसान) लाई भेटेर पुल निर्माणको लागि पटक पटक आग्रह गर्दा समेत अहिलेसम्म कुनै सुनुवाई नभएको भन्दै स्थानीयहरु आक्रोशित भएका छन्।

सिंगाहा पुल बारा पर्सा जिल्लालाई जोडने पुल हो। पुल जीर्ण बन्दा बारा जिल्लाका ग्रामीण क्षेत्र फेटा, त्रिबेणी, प्रसौनी, नकटुवाबाट वीरगञ्ज आउनेहरुको लागि आवत जावतमा समस्या भइरहेको स्थानीय युवा राहुल गुप्ताले दुखेसो गरे।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८